# चितवनमा पत्रकारिता सकारात्मक पाइलातर्फ

देवराज हुमागाईं

## १. परिचय

भनिन्छ कुनै समयमा कठोर सजायँ दिन मानिसलाई कालापानी प्रवासको रूपमा चितवन पठाइन्थ्यो। कारण यहाँ पठाएपछि औलो रोगले गर्दा उक्त व्यक्ति स्वतः मृत्युको मुखमा पुग्ने गर्दथ्यो। त्यही जिल्ला चितवन अहिले सवै भेगका मानिसहरूको आकर्षण र वसोवासले गर्दा ७६ औं जिल्लाको रूपमा परिचित छ। मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत नारायणी अञ्चलमा यो जिल्ला अवस्थित छ। विशेषगरी राणाकालीन समयमा प्रख्यात सिकार स्थलको रूपमा रहेको यस जिल्लामा वि.सं. २०१३ सालमा अमेरिकी सरकारको सहयोगमा राप्ती दुन विकास परियोजना सुरु भएपछि मात्र वसोवास गर्न थालिएको हो।

२०४८ सालको जनगणना अनुसार कुल जनसङ्ख्या ३,५४,४८८ रहेको यस जिल्लामा पुरुषको सङ्ख्या १,७५,६३६ तथा महिलाको सङ्ख्या १,७८,८३२ रहेको छ। यहाँको पुरुष साक्षरता ६५.७ प्रतिशत र महिला साक्षारता ४०.९ प्रतिशत रहेको छ।

जिल्ला कार्यालयमा पत्रपत्रिका दर्ता भएको आधारमा चितवनमा २०३९ सालदेखि पत्रकारिता सुरु भएको हो। २०३९ सालमा विश्वनाथ अधिकारीको सम्पादनमा *प्रवाह* साप्ताहिक दर्ता भई प्रकाशन हुन थाले पनि निकै लामो समयसम्म अर्थात २०४६ सालको जनआन्दोलनसम्म पनि यहाँ अन्य पत्रपत्रिका दर्ता भएको पाइन्न। प्रजातन्त्र पुनर्स्थापना भएको लगत्तै (२०४७ सालमा) मात्र यस जिल्लामा ६ ओटा पत्रपत्रिकाहरू दर्ता हुन पुगेको देखिन्छ र ५० को दशक सुरु भएपछि त यहाँ पत्रपत्रिका दर्ता गर्ने कार्यमा वाढी नै आएको मान्न सकिन्छ। प्रेस काउन्सिलको २६ औं वार्षिक प्रतिवेदन २०५७/०५८ मा जनाइएअनुसार २०५८ असार मसान्तसम्ममा यस जिल्लामा दर्ता भएका पत्रपत्रिकाको जम्मा सङ्ख्या ३२ पुगेको छ। जसमा ४ दैनिक, २५ साप्ताहिक र ३ पाक्षिक रहेका छन्। यो प्रतिवेदनमा समाचारमूलक अखवार मात्र समेटिएको हुनाले मासिक तथा त्रैमासिक साहित्यिक तथा विचारप्रधान पत्रिकाहरू परेका छैनन्। दर्ता भएकामध्ये अधिकांश पत्रपत्रिकाहरू थोरै समयमै वन्द भएका कारण हाल जनमानसको स्मृतिपटलवाट हराइसकेका छन्।

हालैका वर्षहरूमा देशव्यापी रूपमा देखा परेको एफ.एम. रेडियो सञ्चालनको लहरले यस जिल्लालाई पनि छोइसकेको छ। स्थानीय स्तरमा महसुस गरिएको विद्युतीय सञ्चार माध्यमको रिक्ततालाई चिर्दै भरतपुरवाट कार्तिक २०५८ देखि सिनर्जी एफएम प्रा.लि.ले आफ्नो परीक्षण प्रसारण सुरु गरेको छ। ९१.६ मेगाहर्जमा

सुन्न सकिने सिनर्जी एफएफको प्रसारण क्षमता ५०० वाट रहेको छ भने हाल २० मीटर उचाइको टावर रहेको छ।

२०५८ कार्तिकमा चितवनबाट नियमित प्रकाशित भइरहेका पत्रपत्रिकाहरूको सङ्ख्या ६ वटा रहेको छ। जसमा दैनिक २, साप्ताहिक २, मासिक १ तथा त्रैमासिक १ रहेका छन्। नियमित रूपमा प्रकाशित भइरहेका पत्रपत्रिकाहरूलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ। तर यसमा साहित्यिक त्रैमासिक पत्रिका *सृजना*लाई भने समेटिएको छैन।

**तालिका १: प्रकाशित पत्रपत्रिकाको विवरण**

| क्रम सङ्ख्या | पत्रिकाको नाम | दर्ता मिति | सम्पादक | प्रकाशक (प्रकाशन हुने ठाउँ) | मुद्रक | वितरण (प्रति) |
|---|---|---|---|---|---|---|
| १. | पारदर्शी दैनिक | २०५२/०५३ | विष्णु छिमेकी (प्रवन्ध निर्देशक) | फोकस मिडिया प्रा.लि. (नारायणगढ) | नारायणी प्रकाशन प्रा.लि., | २००० |
| २. | चितवन पोस्ट दैनिक | २०५४/०५५ | धर्मराज अर्याल | धर्मराज अर्याल (नारायणगढ) | नारायणी प्रकाशन प्रा.लि., | २००० |
| ३. | साप्ताहिक चितवन | २०५३/०५४ | गोविन्द विनोदी | विरादेवी शर्मा (भरतपुर) | गणेश छापाखाना, | २००० |
| ४. | चुरे सन्देश साप्ताहिक | २०५६/०५७ | सुरेशचन्द्र अधिकारी (प्रधान सम्पादक) | सुरेशचन्द्र अधिकारी | नवज्योति प्रिन्टिङ्ग एण्ड पब्लिकेशन प्रा.लि. | ३००० |
| ५. | नारायणी टुडे मासिक | २०५६/०५७ | वीरेन्द्रमणि पौडेल | वीरेन्द्रमणि पौडेल (नारायणगढ) | वहुमुखी छापाखाना | १००० |

*स्रोत: नारायणी प्रकाशन प्रा.लि., विरादेवी शर्मा, सुरेशचन्द्र अधिकारी, बहुमुखी छापाखाना।*

प्रकाशित पत्रिकाहरूमध्ये *पारदर्शी* २०५३ वैशाख १ गतेदेखि साप्ताहिक रूपमा विष्णु छिमेकीको सम्पादनमा सुरु भएको हो। २०५८ वैशाखमा फोकस मिडिया प्रा.लि. कम्पनी ऐनअनुसार दर्ता भएपछि २०५८ जेठ १० गत देखि यसै कम्पनीद्वारा दैनिक रूपमा यो पत्रिका प्रकाशन हुँदै आएको छ। त्यस्तै २०५४ साल पुस देखि साप्ताहिक प्रकाशनको रूपमा सुरु भएको अर्को पत्रिका *चितवन पोस्ट* २०५६ जेठ २७ गतेदेखि दैनिक रूपमा प्रकाशित हुँदै आइरहेको छ। यो पत्रिका हप्तामा ६ दिन मात्र प्रकाशित

हुने गरेको छ। हरेक सोमवार वन्द हुने यस पत्रिका न्यूनतम वार्षिक ३०० अङ्क पुऱ्याउन नसकेका कारण २०५७ सालमा प्रेस काउन्सिलको वर्गीकरणमा नपरेको कुरा सम्पादक धर्मराज अर्याल वताउनु हुन्छ। २०५८ कार्तिक १४ गते आइतवारसम्म 'भारती प्रेस' द्वारा मुद्रण हुँदै आएको यस दैनिकले आफ्नो आकारलाई वढाएर कार्तिक १६ गतेदेखि नारायणी प्रकाशन प्रा.लि.मा मुद्रण हुँदै आएको छ। हाल यस पत्रिकाको आकार १८" × २८" रहेको छ। उता *साप्ताहिक चितवन* २०५३ भाद्र ४ गतेदेखि प्रकाशन हुँदै आइरहेको छ। २०५६ को वर्गीकरणमा 'घ' श्रेणीमा परेको उक्त पत्रिका ०५७ सालको वर्गीकरणमा परेको छैन। नियमित प्रकाशन हुँदै आएको साप्ताहिक *चुरे सन्देश*ले साउन २०५६ देखि आफ्नो प्रकाशन सुरु गरेको हो। प्रेस काउन्सिलद्वारा वर्गीकरणको लागि वितरण गरिने सम्परीक्षण फारम ढिलो प्राप्त भएका कारण उक्त फारम समयमा भर्न नसक्दा २०५७ सालको वर्गीकरणमा यो पत्रिका पर्न नसकेको कुरा प्रधान सम्पादक सुरेशचन्द्र अधिकारी वताउनुहुन्छ। विचारप्रधान मासिक पत्रिका *नारायणी टुडे* २०५६ फागुन देखि प्रकाशन हुन थालेको हो।

त्यति धेरै पत्रपत्रिकाहरू दर्ता भएर पनि प्रकाशित हुन नसक्नुमा आर्थिक अभाव नै प्रमुख कारकको रूपमा देखा परेको छ। २०५७ सालको अन्त्यतिरसम्म प्रकाशित भइरहेका *जनदर्पण* साप्ताहिक, *नयाँ अनुसन्धान* साप्ताहिक तथा दैनिक *नारायणी खवर पत्रिका*जस्ता अखवारहरू त्यसपछि प्रकाशित भएका छैनन्। साप्ताहिक पत्रिकामा रहेर व्यावसायिक पत्रकारिता गर्न असम्भव देखिएकाले आफ्नो प्रकाशन वन्द गरेर दैनिक पत्रिकातर्फ लागेको कुरा वताउनुहुन्छ *जनदर्पण* साप्ताहिकका सम्पादक/प्रकाशक जनक अर्याल तथा *नयाँ अनुसन्धान* साप्ताहिकका प्रधान सम्पादक रामेश्वर मरहठ्ठा। उहाँहरू दुवै जना फोकस मिडिया प्रा.लि.का सेयरहोल्डर हुनुहुन्छ। जनक अर्याल *पारदर्शी* दैनिकका सम्पादन संयोजक तथा मरहठ्ठा सम्पादक हुनुहुन्छ।

चितवनको पत्रकारिताका वारेमा हालसम्म कुनै किसिमको अध्ययन अनुसन्धान भएको देखिदैन। यहाँको पत्रकारिता वारेमा विस्तृत रूपमा जानकारी दिने उद्देश्यका लेख तथा स्तम्भहरू पनि पत्रपत्रिकामा प्रकाशित भएको देखिएको छैन। तर केही मात्रामा भएपनि जानकारी दिने खालका साना तिना लेखहरू मुद्रणसङ्घ तथा चितवन महोत्सव स्मारिकाहरूमा देख्न सकिन्छ। पत्रकारहरू विष्णु छिमेकी (२०५५), गणशेखर शर्मा (२०५३, २०५५, २०५७), डि.आर. पोखरेल (२०५७), खोमकान्त रेग्मी (२०५५) र लक्ष्मण प्रसाद गौतम (२०५५) आदिद्वारा लिखित ती लेखहरूवाट चितवनमा विगत तथा वर्तमानमा भइरहेको पत्रकारिताका वारेमा सङ्क्षिप्त जानकारी पाउन सकिन्छ। यो लेखमा हाल चितवनमा भइरहेको पत्रकारिताका वारेमा जानकारी दिइने छ।

## २. वितरणको भूगोल

चितवन जिल्ला भौगोलिक हिसावले सुगम जिल्ला हो। यस जिल्लाका धेरै जसो भू-भागमा यातायताको सूविधा रहेको देखिन्छ। यति हुँदाहुँदै पनि यहाँका पत्रपत्रिकाहरू

विक्री वितरणको हिसावले कमजोर देखिएका छन्। अर्थात पत्रपत्रिकाको वितरण पहूँच त्यति फराकिलो छैन। चितवनको नारायणगढ तथा भरतपुरवाट प्रकाशित भइरहका चार ओटा पत्रपत्रिकाहरू मध्ये दुई ओटा दैनिकहरू *पारदर्शी* तथा *चितवन पोस्ट* स्थानीय केही वजारहरूमा देख्न सकिएपनि २ वटा *साप्ताहिक चितवन* तथा चुरे *सन्देश* वजारमा देख्न सकिन्न। खासगरी चितवन जिल्लाका भरतपुर, नारायणगढ तथा रत्ननगर जस्ता स्थानीय वजारहरूमा यी दैनिकहरू देख्न सकिन्छ। यस वाहेक जिल्लाका अन्य भेगहरू, जुन प्रकाशन गृहवाट टाढा अवस्थित छन्, त्यहांका पत्रिका पसलहरूमा भने स्थानीय पत्रिकाहरू देख्न सकिन्न। यस्ता स्थानहरूमा दैनिक तथा साप्ताहिक पत्रिकाहरूले नियमित ग्राहक वनाएर पत्रिका वितरक वा हुलाकमार्फत पठाउने गरेका छन्। चितवनवाट निस्कने साप्ताहिक पत्रिकाहरू भने नारायणगढ, भरतपुर तथा रत्ननगर जस्ता नजिकका वजारहरूमा पनि देख्न सकिन्न। साप्ताहिक पत्रपत्रिकाको विक्री नहुने भएकाले आफ्नो पसलमा राख्ने नगरेको यहाँका विक्रेताहरू वताउँछन्। *चितवन पोस्ट* तथा *पारदर्शी* दैनिकले भरतपुर, रत्ननगर नारायणगढ तथा जिल्लावाहिर नवलपरासीको कावासोतीसम्म आफ्ना वितरकहरू राखेका छन्। त्यहाँका विक्रेता तथा नियमित ग्राहकहरूको घरमा यी पत्रिकाहरू सवेरै पुग्ने गरेका छन्। यसरी विहान सवेरै ग्राहकको हातमा स्थानीय पत्रपत्रिका आइपुग्ने भएपछि यहाँ विस्तारै पाठकको सङ्ख्या वढ्दै गएको छ। *पारदर्शी*का नियमित पाठक तेज गिरी भन्नुहुन्छ, "विहान तातो चियाको चुस्कीसँगै पत्रिका पढ्ने वानी वस्यो, कहिलेकाहीं पत्रिका आउन ढिलो भयो वा कुनै कारणवश हेर्न पाइएन भने कता कता तल्तल् लागेर आउँछ।"

साप्ताहिकवाट दैनिकमा परिणत भएको थोरै समयमा नै *पारदर्शी*ले स्थानीय पाठकहरूमाझ लोकप्रियता हासिल गर्दै गएको आभास पाइन्छ। साप्ताहिक हुँदा एकहजार भन्दा कमको सङ्ख्यामा वितरण हुने यस पत्रिकामा अहिले नियमित ग्राहकको सङ्ख्या नै करिव १८०० पुगेको कुरा फोकस मिडिया प्रा.लि. सञ्चालक समितिका सदस्य खोमकान्त रेग्मी वताउनुहुन्छ। पत्रपत्रिकाको विक्री वितरण परिमाण वढाउन यस पत्रिकाले नयाँ-नयाँ नीति अपानाउदै आएको छ। जसमा पत्रिकाको आकारमा वृद्धि गर्ने, हकरमार्फत पत्रिकाहरू विक्री गर्ने, एक महिने ग्राहकलाई रू. १० छुट, एक महिने ग्राहक वनाउने वितरकलाई रू. १० कमिसनको रूपमा प्रदान गरी प्रोत्साहन दिने आदि उपायहरू पर्दछन्। अर्कोतिर विक्रीको ५० प्रतिशत कमिसन प्रदान गर्ने हुंदा हकरहरूको ठूलो सङ्ख्या यो पत्रिका विक्री गर्नका लागि लालयित हुने गरेको छ। चितवनवाहिर मकवानपुर, नवलपरासी, धादिङ्ग, गोरखा तथा काठमाडौंमा समेत यस पत्रिकाका ग्राहकहरू रहेको कुरा सम्पादक तथा प्रवन्ध निर्देशक विष्णु छिमेकी वताउनुहुन्छ। उहाँका अनुसार जेठ २०५९ सम्ममा ५००० नियमित ग्राहक वनाउने लक्ष रहेको छ।

अर्को दैनिक पत्रिका *चितवन पोस्ट*ले दैनिक रूपमा प्रकाशन हुन थालेको अढाइ वर्ष भन्दा वढी भइसक्दा पनि उल्लेख्य रूपमा आफ्नो विक्रीवजार प्रवर्द्धन गर्न सकेको देखिदैन। *पारदर्शी* दैनिक रूपमा प्रकाशन हुन थालेपछि प्रतिस्पर्धामा पछाडि

परिने भयले यसले पनि यही २०५८ असोज १६ गतेदेखि आफ्नो आकारलाई वृद्धि गरेको छ। यसको छपाइ पनि पहिलाको तुलनामा अहिले गुणस्तरीय छ। यस पत्रिका पनि चितवन जिल्लाका भरतपुर, रत्ननगर तथा नारायणगढ वजारहरूमा देख्न सकिन्छ भने जिल्लावाहिर नवलपरासीको कावासोतीसम्म देख्न पाइन्छ। यस वाहेक हेटौंडा, पोखरा तथा काठमाडौं जस्ता ठाउँहरूमा यसका नियमित ग्राहकहरू रहेको सम्पादक धर्मराज अर्याल वताउनुहुन्छ। हकरलाई यो पत्रिका विक्रीको लागि दिने गरेको देखिन्न। यो पत्रिका पनि वितरकहरू मार्फत नियमित ग्राहक वा पत्रपत्रिका विक्रेताकहाँ विहान ६-७ वजेतिरै पुगिसक्ने गर्दछ।

यसरी दुईओटा दैनिक पत्रपत्रिकाहरू विक्री वितरणको हिसावले आपसमा खरो प्रतिस्पर्धामा उत्रिएको देखिए पनि साप्ताहिक पत्रपत्रिका त्यो स्थितिमा पुगेका छैनन। *चुरे सन्देश* साप्ताहिक २००० प्रति तथा *साप्ताहिक चितवन* ३००० प्रति विक्री वितरण हुने कुरा वताइए पनि यो सङ्ख्या त्यति विश्वसनीय देखिएको छैन। यी पत्रिकाहरू वजारका पत्रपत्रिका विक्रेता तथा हकरमार्फत विक्री वितरण भएका छैनन्। खोमकान्त रेग्मी यहाँका साप्ताहिक पत्रपत्रिकाहरू प्रति अङ्क ५०० भन्दा वढी नछापिने दावी गर्नुहुन्छ। त्यस्तै मिडिया विकास कोषको अध्ययन प्रतिवेदन नोभेम्वर-डिसेम्वर २००० मा जनाइएअनुसार यहाँ साप्ताहिक पत्रपत्रिकाहरू प्रति अङ्क ५०० प्रति छापिने गरेका छन्। साप्ताहिक पत्रपत्रिकाहरूले विक्री प्रवर्द्धनका लागि कुनै ठोस कदम चालिरहेको पनि देखिदैन। यसकारण यी पत्रिकाहरू पनि स्थिर रूपले लामो समयसम्म चल्न सक्छन् भन्ने कुरामा शङ्का गर्ने ठाउँ छ। कम्पनीको रूपमा दर्ता भएको फोकस मिडिया प्रा.लि.द्वारा प्रकाशित पत्रिका *पारदर्शी* दैनिक विक्री वितरणको हिसावले भविष्यमा राम्रो वजार लिन सक्ने देखिएको छ। किनकि धेरै जनाको पर्याप्त लगानीका कारण भविष्यमा यसले प्रवर्द्धनात्मक क्रियाकलापका लागि थप खर्चगर्दै जाने जसले गर्दा पत्रिकाको स्तर स्वतः वृद्धि हुँदै जाने सम्भावना देखिन्छ।

भौगोलिक दूरीको हिसावले नजिक रहेका कारण काठमाडौंवाट निस्कने दैनिक तथा साप्ताहिक पत्रपत्रिकाहरू विहान ९ वजे नै चितवनको नारायणगढ आइपुग्ने गर्दछन्। काठमाडौं उपत्यकावाट निस्कने पत्रिकाको तुलनामा यहाँका पत्रिकाको स्तर कमजोर हुने हुँदा काठमाडौंको पत्रिका पाएसम्म स्थानीय पत्रिका किन्न गाह्रो मान्छन् पाठकहरू। स्थानीय समाचारहरू वढी मात्रामा समेट्ने कारणले मात्र कसै-कसैले स्थानीय पत्रिका किनेको पाइन्छ। त्यसमाथि पनि राजधानीका प्रायः सवै दैनिक तथा साप्ताहिकका सम्वाददाताहरू चितवनमा भएका कारण जिल्लाका महत्त्वपूर्ण समाचारहरू राष्ट्रिय दैनिकहरूमा नै पढ्न पाइन्छ। यसकारण विहान ९ वजे पछाडि स्थानीय पत्रपत्रिकाहरू वजारमा विक्ने स्थिति देखिदैन। एकजना पाठक जनक न्यौपाने आफूले स्थानीय दैनिकहरू *पारदर्शी* र *चितवन पोस्ट* पसलमा आएर नियमित हेर्ने गरे पनि खरिद गरेर लाने नगरेको वताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "स्थानीय स्तरमा भएका गतिविधिहरू वारे जानकारी लिनको लागि मात्र *चितवन पोस्ट* तथा *पारदर्शी* हेर्ने गरेको छु। राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधि तथा अन्य विविध सामग्रीहरूका लागि यी पत्रपत्रिकाहरू पर्याप्त छैनन्। यसकारण स्तरीय

सामग्रीहरू धेरै मात्रामा समेटिने हुनाले पनि राजधानीबाट प्रकाशित *कान्तिपुर, राजधानी* तथा *स्पेसटाइम* दैनिक जस्ता पत्रपत्रिकाहरू किन्ने गरेको छु।" यस्तै आशय दुर्गा बुक्स नारायणगढका विक्रेताको पनि रहेको छ। उहाँका अनुसार प्रायजसो ग्राहकहरूले राष्ट्रिय स्तरको कुनै पत्रिका किने पनि स्थानीय पत्रिकाहरू भने पढेर मात्र छोड्ने गरेका छन्।

स्थानीय वजारमा राष्ट्रिय तथा स्थानीय पत्रिकाको विक्री वितरण के कस्तो छ भन्ने कुराको जानकारीका लागि नारायणगढ वजारका निम्न तीनओटा पत्रपत्रिका पसलका विक्री वितरणलाई उदाहरणको रूपमा प्रस्तुत गर्न सकिन्छ।

**तालिका २: विभिन्न पत्रपत्रिकाको तुलनात्मक बिक्री वितरण***

| पत्रपत्रिकाको नाम | औसत बिक्री परिमाण (प्रति) | | |
|---|---|---|---|
| | दुर्गा बुक्स | कँडेल पुस्तक पसल | पौडेल पुस्तक पसल |
| पारदर्शी दैनिक | ५ | ५ | १० |
| चितवन पोस्ट दैनिक | १० | ५ | १० |
| कान्तिपुर दैनिक | ५० | ३५ | ६०-७० |
| राजधानी दैनिक | ३०-४० | १० | ३० |
| नेपाल समाचारपत्र दैनिक | १०-१५ | १० | १५ |
| स्पेसटाइम दैनिक | १०-१५ | ५ | २० |
| साप्ताहिक विमर्श | ३०-३५ | २० | २५ |

*स्रोत : सम्वन्धित विक्रेताहरू*

* तालिकामा उदाहरणको लागि मात्र काठमाडौंबाट प्रकाशित ५ ओटा पत्रपत्रिकाहरू लिइएको छ। यसभन्दा वाहेक अन्य पत्रपत्रिकाहरू जस्तै *दृष्टि, वुधवार, साप्ताहिक, हिमालय टाइम्स, गोरखापत्र, नयाँ सडक* आदि पनि विक्री हुने गरेका छन्।

यसरी राष्ट्रिय पत्रपत्रिकाको दाँजोमा स्थानीय पत्रपत्रिकाहरू पत्रिका पसलमार्फत अति न्यून सङ्ख्यामा विक्री वितरण हुने गरेको देखिन्छ। नारायणगढ वजारमा मात्र यस्ता पत्रपत्रिका विक्रेताहरू २० देखि २५ को सङ्ख्यामा रहेका छन्। नारायणगढ तथा भरतपुर वजारमा पत्रपत्रिका विक्री गर्ने हकरको सङ्ख्या पनि दिनानुदिन वढ्दै गइरहेको छ। अहिले यहाँ ३०-४० को सङ्ख्यामा हकरहरू रहेका छन्। हकरहरूको वढ्दो सङ्ख्याले गर्दा पत्रिका पसलको व्यापार घटेको छ। कँडेल पुस्तक पसल नारायणगढका विक्रेता रामशरण सिलवालकाअनुसार पहिला १०० देखि १२० प्रतिसम्म विक्री हुने कान्तिपुर तथा ५० प्रति विक्री हुने *साप्ताहिक विमर्श* अहिले क्रमशः ३५ र २० प्रति मात्र विक्री हुन्छ। स्थानीय पत्रपत्रिका पनि २०५८ सालको सुरुतिर दैनिक २०-३० प्रतिसम्म विक्री हुने गरेकोमा अहिले त्यो सङ्ख्यामा ७५ प्रतिशतले कमी आएको वताइन्छ। पसलमा पत्रपत्रिकाको विक्री घट्नुको अर्को कारण

पत्रपत्रिका पसल तथा पत्रपत्रिकाको वढ्दो सङ्ख्या रहेको पनि विक्रेताहरूको धारणा छ।

### ३. छापिएका विषयहरू

चार पृष्ठमा प्रकाशित यहाँका पत्रपत्रिकाहरूमा साधारणतया प्रथम पृष्ठमा समाचार छापिन्छ। दोस्रो पृष्ठमा सम्पादकीय, स्तम्भ लेखन तथा पाठक प्रतिक्रिया रहेको हुन्छ। त्यस्तै तेस्रो तथा चौथो पृष्ठ विज्ञापन र समाचारले भरिएको हुन्छ। *पारदर्शी* दैनिकले स्थानीय खासगरी राजनीतिक क्षेत्रका व्यक्तित्त्वहरूको अन्तर्वार्ता पनि वेलावेलामा छापेको पाइन्छ। त्यस्तै यसले महिला, वालवालिका, स्वास्थ्य, शिक्षा, कृषि, मनोरञ्जन, जनजाति, दलित, साहित्य आदि विविध विषयका लेखहरू छापेको छ। त्यस्ता विषयगत आधारमा छुट्ट्याइएका लेखहरू *पारदर्शी* दैनिकको तेस्रो पृष्ठमा देख्न सकिन्छ। अन्य पत्रिकाहरूमा *चितवन पोस्ट* दैनिकले साहित्यसिर्जना स्तम्भ दिएर साप्ताहिक रूपमा पाठकवाट प्राप्त कविताहरू प्रकाशित गर्दछ। यस पत्रिकामा साधारणतया एक वा दुई विचार लेख देख्न सकिन्छ। यसरी प्रकाशित भएका लेखहरू धेरैजसो अन्यत्र पत्रपत्रिका वा पुस्तकवाट साभार गरिन्छन्। चुरे *सन्देश* साप्ताहिकमा दोस्रो र तेस्रो पृष्ठमा चारओटासम्म स्तम्भ छापिने गर्दछन्।

यहाँवाट प्रकाशित पत्रपत्रिकाहरूमा प्रायः राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिक घटनाक्रमहरू नै प्राथमिक रूपमा प्रकाशित हुँदै आएका छन्। नेपालको तरल राजनीतिक अवस्थाका कारण दिनहुँजसो राजनीतिक गतिविधिमा आउने उतारचढाव नै प्रायः पत्रपत्रिकाको व्यानर न्युज वनेर प्रकाशित हुन्छन्। मात्रात्मक हिसावले भने सवै पत्रपत्रिकामा स्थानीय स्तरका समाचारहरू नै वढी मात्रामा छापिने गरेका छन्।

समाचारहरूमध्ये धेरैजसो आफ्ना प्रतिनिधि (सम्वाददाता) हरूले सङ्कलन गरेका हुन्छन् भने थोरै सङ्ख्यामा मात्र राससवाट लिने गरिएको छ। समाचार सङ्कलनका लागि *चितवन पोस्ट*ले ६ जना सम्वाददाताहरू राखेको छ भने *पारदर्शी* दैनिकमा ६ जना, चुरे *सन्देश* साप्ताहिकमा ४ जना तथा *साप्ताहिक चितवन*मा ११ जना रहेको वताइन्छ। *चितवन पोस्ट* दैनिक र चुरे *सन्देश* साप्ताहिकले जिल्लावाहिर सम्वाददाता राखेको देखिंदैन भने *पारदर्शी* दैनिकले नवलपरासी जिल्लामा एकजना र *साप्ताहिक चितवन*को जिल्लावाहिर हेटौंडा, पर्वत, पोखरा र वीरगञ्जमा १/१ जना सम्वाददाता रहेका छन्। जिल्लावाहिर आफ्ना सम्वाददताहरू नहुने प्रकाशनहरूले पनि विभिन्न जिल्लामा रहेका प्रकाशनहरूसँग समाचारहरू आदानप्रदान गरेर पनि छापेको पाइन्छ।

प्रकाशित समाचारहरू हेर्दा सम्वन्धित सवै पक्षहरूलाई स्रोतको रूपमा प्रयोग गरेको देखिंदैन। उदाहरणको लागि *चितवन पोस्ट* तथा *पारदर्शी* दैनिकमा २०५८ असोज ४ गते प्रकाशित एक समाचारलाई लिन सकिन्छ। उक्त अङ्कमा वोटे समुदायका पाँच जना व्यक्तिहरूको मृत्युका वारेमा समाचार छापिएको छ। जुन समाचारलाई *पारदर्शी* दैनिकले 'सेनाको गोलीवाट पाँच मारिएको आशङ्का महिला वलात्कृत, चार

लाश प्राप्त, एक अझै वेपत्ता' शीर्षक दिएर लेखेको छ। उक्त पत्रिकाले स्थानीय वासिन्दाहरूलाई स्रोतको रूपमा उल्लेख गरेको छ। साथै यस समाचारलाई उक्त पत्रिकाले महत्त्वका साथ व्यानर न्युजको रूपमा छापेको छ। उता *चितवन पोस्ट* दैनिकले भने यो समाचारलाई 'जङ्गलमा पाँच जनाको लाश फेला पऱ्यो' भनेर छापेको छ। यसमा मृत्यु हुनुको कारण वाघको आक्रमण हुन सक्ने जनाइएको छ साथै समाचारको स्रोतको रूपमा खोजी कार्यमा संलग्न प्रहरी नायव निरीक्षकलाई प्रस्तुत गरिएको छ। यो समाचारलाई यस पत्रिकाले व्यानर न्युजभन्दा तल राखेर प्रकाशन गरेको छ। यसरी दुवै पत्रिकाहरूले आ-आफ्नो हिसावले एउटा मात्र स्रोत खुलाएका छन् भने मृत्युको कारण पनि वाँझिएको छ। यसले गर्दा यस्तो सम्वेदनशील घटनामा पनि एकतर्फी स्रोत उल्लेख गरेर समाचार छाप्दा पत्रिका पढ्ने पाठकलाई घटनाको वास्तविकता वारे थाहा हुनुभन्दा पनि उल्टो भ्रम उत्पन्न हुने देखिन्छ।

यहाँका पत्रपत्रिकाहरूमा प्रकाशित सम्पादकीय प्रायजसो राष्ट्रिय स्तरका विषयवस्तुमा केन्द्रित रहने गरेका छन्। यसले गर्दा पत्रपत्रिकाहरू स्थानीय समाजप्रति त्यति संवेदनशील हुन सकेका देखिँदैनन्। किनकि ती विषयवस्तुहरूको वारेमा त राष्ट्रिय स्तरका सवै पत्रपत्रिकाहरूले कलम चलाएका हुन्छन् तर स्थानीय क्षेत्रका समस्याहरूलाई जोडदार रूपमा उठाउने कर्तव्य स्थानीय पत्रपत्रिकाको नै हुनुपर्ने हो।

यहाँ स्तम्भलेखकहरूलाई कुनै पनि पत्रपत्रिकाहरूले पारिश्रमिक प्रदान गर्ने गरेका छैनन्। यसकारण पनि नियमित रूपमा स्तम्भ लेख्ने लेखकहरूको अभाव रहेको छ। *पारदर्शी* दैनिकमा फोकस मिडिया प्रा.लि. कै सेयरहोल्डरहरूले प्रायः नियमित रूपमा स्तम्भ लेख्ने गरेका छन्। विभिन्न क्षेत्रका व्यक्तिहरू यस कम्पनीका सेयरहोल्डर भएका कारण यसका स्तम्भकारहरू प्रायः सेयरहोल्डरहरू नै छन्। यस वाहेक यस पत्रिकामा अर्को एकजना स्तम्भकार सूर्यप्रसाद शर्मा हुनुहुन्छ। उहाँ यस पत्रिकामा हप्तामा दुई दिन वुधवार र शनिवार स्तम्भ लेख्ने गर्नुहुन्छ। समसामयिक राजनीतिक विषयमा कलम चलाउने शर्मा आफूले स्तम्भलेखन वापत स्थानीय पत्रपत्रिकावाट पारिश्रमिक नपाएको वताउनुहुन्छ। *चितवन पोस्ट* दैनिकका सम्पादक धर्मराज अर्यालका अनुसार लेखका लागि लेखकहरूसँग अनुरोध गरिन्छ। आफूले स्तम्भ लेखकहरूलाई पारिश्रमिक दिन नसकेको उहाँको भनाइ छ। यस पत्रिकामा नियमित रूपमा स्तम्भ लेख्ने लेखकहरू छैनन्। त्यस्तै स्थिति *साप्ताहिक चितवन*को पनि छ। उता चुरे *सन्देश* साप्ताहिकमा भने ३ जना स्तम्भकारहरूले नियमित स्तम्भ लेख्ने गरेको यसका सम्पादक सुरेशचन्द्र अधिकारी वताउनुहुन्छ।

दलित तथा जनजाति विषयमा प्रकाशित सामग्रीहरूको मात्रा त्यति उल्लेखनीय छैन। *पारदर्शी* दैनिकमा २०५८ भाद्र/आश्विन महिनामा प्रकाशित समाचार र लेखहरूमध्ये जनंजातिसम्वन्धी लेख ५ ओटा तथा समाचार ६ ओटा छन्। त्यस्तै सोही अवधिमा दलितसम्वन्धी कुनै पनि लेख प्रकाशित भएको छैन भने समाचार जम्मा १२ ओटा छन्। सवै पृष्ठमा गरी एक अङ्कमै करिव २५ ओटा समाचार तथा ३ ओटा लेख प्रकाशित हुने पत्रिकामा दलित तथा जनजातिका विषयमा प्रकाशित सामग्रीहरूको यो सङ्ख्या अत्यन्त न्यून सङ्ख्या हो।

खासगरी दशैं, तिहार जस्ता अवसरहरूमा *पारदर्शी* तथा *चितवन पोस्ट* पत्रिकाको प्रथम पृष्ठमै झण्डै ६० प्रतिशत स्थानमा विज्ञापन छापिएको देखिन्छ। यसबाट विज्ञापन पाएसम्म प्रकाशकहरू आफ्ना पाठकहरूलाई बिर्सँदा रहेछन् भन्न सकिन्छ। किनकि त्यसबेला चार पृष्ठको पत्रिका पनि विज्ञापन नै विज्ञापनले भरिएको हुन्छ। पाठकलाई पढ्ने सामग्री त अत्यन्त थोरै मात्र हुन्छ।

फोटो तथा कार्टुन यहाँका पत्रपत्रिकामा त्यति देख्न सकिँदैन। *चितवन पोस्ट*का सम्पादक अर्यालका अनुसार प्रकाशितमध्ये करिब ६० प्रतिशत अङ्कमा फोटो प्रकाशित गर्ने गरिएको छ। फोटो पत्रकार छुट्टै नभएका कारण यहाँ सम्वाददाताले खिचेर ल्याएका फोटोहरू नै छाप्ने गरिन्छ। उत्कृष्ट वा आकर्षक फोटोहरू पत्रिकामा आउने गरेका छैनन्। अर्थात फोटोको गुणस्तर राम्रो हुँदैन कारण ती जनशक्तिहरूमा फोटो पत्रकारितावारे तालिम तथा अनुभवको अभाव रहेको छ। चुरे *सन्देश* साप्ताहिकका प्रधान सम्पादक सुरेशचन्द्र अधिकारी आफ्नो पत्रिकामा प्रतिअङ्क साधारणतया एउटा फोटो प्रकाशित हुने तथा प्रायः फोटोहरू 'सरिफ फोटो हाउस' बाट सौजन्यको रूपमा प्राप्त हुने गरेको बताउनुहुन्छ। *पारदर्शी* दैनिकको भाद्र र आश्विन दुई महिनामा जम्मा ३१ ओटा फोटोहरू प्रकाशित भएका छन्। भाद्र र आश्विन गरी दुई महिनामा उक्त पत्रिका जम्मा ६० अङ्क (असोज १२ गते अप्रकाशित) प्रकाशित भएको थियो। यसरी हेर्दा प्रकाशित मध्ये करिब ५० प्रतिशत अङ्कहरूमा फोटो छापेको देखिन्छ। छपाइको हिसावले फोटोहरू बुझिने नै छन्। *साप्ताहिक चितवन*मा भने स्थानीय स्तरमा भएका विशेष तथा महत्त्वपूर्ण गतिविधिहरूको फोटोहरू मात्र प्रकाशित हुने गरेको छ। यसकारण यसमा अति कम मात्रामा फोटाहरू देख्न पाइन्छ।

पत्रपत्रिकामा कार्टुनको पनि विशेष महत्त्व रहेको हुन्छ। कुनै लेखक वा स्तम्भकारले एक पेजमा लेखेको कुरालाई कार्टुनिस्टहरूले एउटा कार्टुन मार्फत व्यक्त गरिदिन सक्छन्। यति हुँदाहुँदै पनि यहाँको पत्रकारितामा कार्टुन क्षेत्र त्यति अगाडि बढ्न सकेको छैन। यहाँ अहिले प्रकाशित मध्य *पारदर्शी* दैनिक र चुरे *सन्देश* साप्ताहिकले मात्र कार्टुन छापेको देखिन्छ। त्यही पनि नियमित रूपमा आउने गरेका छैनन्। *पारदर्शी* दैनिकले हरेक हप्तामा दुई दिन मंगलवार र शुक्रवार कार्टुन छाप्ने गरेको सम्पादक छिमेकी बताउनुहुन्छ। तर भाद्र र आश्विन दुई महिनाको अङ्कहरूलाई हेर्दा त्यति नियमित भएको देख्न सकिएन। ती दुई महिनामा जम्मा ८ ओटा कार्टुन प्रकाशित भएको देखिन्छ। त्यसमा पनि शुक्रवार भनेको ठाउँमा कहिले शनिवारको अङ्कमा कार्टुन छापिएको हुन्छ। त्यस्तै चुरे *सन्देश*ले पनि हरेक अङ्कमा एउटा कार्टुन छाप्ने गरेको प्रधान सम्पादक अधिकारीको भनाइ छ। *चितवन पोस्ट* दैनिक तथा *साप्ताहिक चितवन*ले भने कार्टुन छाप्ने गरेका छैनन्। *चितवन पोस्ट* दैनिकका सम्पादक अर्यालका अनुसार चितवनमा स्तरीय कार्टुन बनाउने कार्टुनिस्ट छैनन्। उहाँ भन्नुहुन्छ, "एक दुईजना काटुनिस्ट भए पनि यहाँ कार्टुनको पारिश्रमिक दिने परम्परा नभएको हुँदा पत्रपत्रिकामा नियमित रूपमा कार्टुन छापिने गर्दैन।" *पारदर्शी* दैनिकका कार्टुनिस्ट रामबाबु सुवेदी (राबासु) चितवनमा कार्टुन पत्रकारिताको अभिन्न अङ्ग हो भन्ने मानसिकताको विकास भइनसकेको बताउनुहुन्छ। उहाँ ०३५-३६

सालदेखि व्यावसायिक रूपमा कलाकारितामा लाग्नु भएको हो। तर कार्टुनभन्दा पनि उहाँ फिल्मी वा अन्य पोस्टर वनाउने, साइनवोर्ड लेख्ने आदि कार्यमा व्यस्त हुनुहुन्छ। *पारदर्शी*मा सुरुदेखि (साप्ताहिक रूपमा प्रकाशित भएदेखि) नै उहाँले कार्टुन वनाउँदै आउनु भएको छ। अहिलेसम्म कार्टुनवाट पारिश्रमिक पाइने नगरेको केवल सहयोगको लागि मात्र पत्रिकामा कार्टुन वनाउने गरेको उहाँ वताउनुहुन्छ। पत्रकारिता क्षेत्रमा वढ्दो प्रतिस्पर्धाका कारण अवका दिनहरूमा कार्टुनले पनि स्थान पाउने तथा यो पेसा व्यावसायिक हुने कुरामा उहाँ आशावादी देखिनुहुन्छ।

## ४. जनशक्ति

नेपाल पत्रकार महासङ्घ चितवन शाखाको वर्तमान रेकर्ड हेर्दा अहिले यस शाखावाट जम्मा ९० जनालाई साधारण सदस्यता वितरण गरिएको देखिन्छ। पत्रकार महासङ्घ चितवनका सभापति विष्णु छिमेकीका अनुसार वर्तमान अवस्थामा सक्रिय रूपले पत्रकारिता क्षेत्रमा लाग्ने जनशक्ति करिव ५० को सङ्ख्यामा रहेका छन्। वाँकीमध्ये कोही विगतमा पत्रकारिता गरे पनि अहिले अन्य पेशामा सक्रिय हुनु परेकाले पत्रकारिता छाडेका छन् भने केही गैरपत्रकारहरूको पनि घुसपैठ भएको देखिन्छ। आफ्नो कार्यकाल सुरु हुँदा महासङ्घको सदस्य जम्मा १२२ जना रहेको भए पनि त्यसमध्ये ठूलो सङ्ख्यामा गैर पत्रकारहरू रहेको हुँदा, आफूले जानकारी पाएसम्म त्यस्ता व्यक्तिहरूको सदस्यता नवीकरण नगरेकाले उक्त सङ्ख्या घटेर ९० मा झरेको सभापति छिमेकीको भनाइ छ। यसमध्ये पनि केही गैरपत्रकारहरू अझै वाँकी रहेको देखिएकाले तिनीहरूको सदस्यता खारेज गर्ने प्रकृया चालु रहेको कुरा उहाँ वताउनुहुन्छ।

तालिका ३ मा देखाइएझैं चितवनवाट अहिले प्रकाशित रहेका चारओटा अखवार तथा एक मासिक पत्रिकामा आफ्नो पूरा समय तथा आंशिक समय दिएर कार्यरत जनशक्तिको सङ्ख्या ७५ छ। यसमा सम्पादन, व्यवस्थापन, रिपोर्टिङ, वितरण तथा प्रविधितर्फका व्यक्तिहरू रहेका छन्।

तुलनात्मक रूपले हेर्ने हो भने मकवानपुरको पत्रपत्रिकामा जसरी एकजना व्यक्तिले सम्पादनदेखि वितरणसम्मको जिम्मेवारी वोक्नु पर्ने अवस्था छ, त्यो चितवनमा देखिँदैन। चितवनमा *पारदर्शी* संस्थागत स्वरूपमा प्रकाशन हुन थालेपछि यसले कार्यरत जनशक्ति निकै वढाएको छ। यसले गर्दा अहिलेको अवस्थामा सञ्चालन खर्च केही वढी लाग्ने भएपनि पर्याप्त जनशक्तिका कारण पत्रपत्रिका नियमित रूपमा प्रकाशन गर्न सक्षम भई प्रभावकारिता हाँसिल गर्दै जान सक्ने देखिन्छ। साप्ताहिक *चुरे सन्देश*मा जम्मा ८ जना व्यक्तिहरू कार्यरत छन्। यसमा प्राविधिक तथा वितरणसम्वन्धी कार्य पनि सम्पादन तथा व्यवस्थापनतर्फका व्यक्तिहरूले नै गर्ने गरेंका छन्। त्यस्तै *चितवन पोस्ट* दैनिकमा सम्वाददाताहरूले वितरण कार्य पनि गर्छन्।

तालिका ३: कार्यरत जनशक्ति विवरण

| क्र. स. | पत्रपत्रिकाको नाम | जनशक्ति सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सम्पादन तर्फ | प्रशासन तथा व्यवस्थापन तर्फ | प्राविधिक | रिपोर्टिङ तर्फ | वितरण तर्फ | जम्मा |
| १. | पारदर्शी दैनिक | ४ | ३ | २ | ६ | १२ | २७ |
| २. | चितवन पोस्ट दैनिक | २ | १ | २ | ५ | ६ | १६ |
| ३. | चुरे सन्देश साप्ताहिक | २ | २ | – | ४ | – | ८ |
| ४. | साप्ताहिक चितवन | ४ | १ | १ | ७ | ४ | १७ |
| ५. | नारायणी टुडे | २ | – | – | २ | ३ | ७ |

*स्रोत : पत्रपत्रिकाका सम्वन्धित व्यक्तिहरूसँगको कुराकानी*

यहाँका पत्रपत्रिकामा जनशक्ति नियुक्ति प्रकृयामा कुनै किसिमको जातीय तथा लिङ्गीय हिसावले प्राथमिकताक्रम तोकेको पाइँदैन। दुईओटा दैनिकवाहेक अरूले व्यक्तिगत सम्पर्कका आधारमा कर्मचारी नियुक्ति गर्ने गरेको देखिन्छ। *पारदर्शी* दैनिकमा सुरुको दुई महिना सेयरहोल्डरहरूको सम्पर्कमा रहेका व्यक्तिहरू नियुक्ति गरिएको तथा त्यसपछि आफ्नै पत्रिकामा आवश्यकताको विज्ञापन निकालेर भर्ना गर्न थालिएको वताइन्छ। यस पत्रिकामा सम्पादन तथा व्यवस्थापनतर्फ फोकस मिडिया प्रा.लि.कै अंशियारहरू रहेका छन् भने अन्य क्षेत्रमा वाहिरका व्यक्तिहरू नियुक्ति गरिएको देखिन्छ। त्यस्तै अन्य पत्रपत्रिकामा पनि सम्पादनतर्फ लगानीकर्ताहरू आफैं रहेको देखिन्छ। चितवनको पत्रकारितामा महिलाको प्रतिनिधित्व अन्यन्त न्यून रहेको छ। *चितवन पोस्ट* दैनिक तथा *चुरे सन्देश* साप्ताहिकमा महिला प्रतिनिधित्व शुन्य देखिन्छ। *साप्ताहिक चितवन*मा प्रकाशक तथा प्रवन्धकको रूपमा एक महिला विरादेवी शर्मा हुनुहुन्छ भने *पारदर्शी* दैनिक तथा *नारायणी* टुडे मासिकमा १/१ जना महिला सम्वाददाताको रूपमा कार्यरत छन्।

यहाँ सोख तथा व्यावसायिक उद्देश्य दुवै हिसावले पत्रकारितामा लाग्ने व्यक्तिहरू भेटिन्छन्। पत्रपत्रिका प्रकाशनमा वढ्दै गएको प्रतिस्पर्धाका कारण आफ्नो पत्रिकामा कार्यरत जनशक्तिलाई अन्यत्र पलायन हुनवाट जोगाउनको लागि भएपनि प्रकाशन गृहहरूले कर्मचारीहरूलाई थेरथोर परिश्रमिक दिने गरेको देखिन्छ। तर *चुरे सन्देश* साप्ताहिकका प्रधान सम्पादक सुरेशचन्द्र अधिकारी आफ्नो पत्रिका ऋणमा चलिरहेकाले पारिश्रमिक दिन सक्षम नभएको वताउनुहुन्छ। अन्य पत्रपत्रिकाहरूको कुरा गर्नु पर्दा *पारदर्शी* दैनिकले सञ्चालक समितिवाट निर्णय गरेर कर्मचारीको पारिश्रमिक दर निर्धारण गरेको छ। यस दैनिकमा सम्पादक तथा प्रवन्धकलाई मासिक

रू. ७५००, प्राविधिक तथा सम्वाददातालाई मासिक रू. ३००० देखि रू. ४००० र वितरक तथा कार्यालयमा रेखदेख गर्ने पियनलाई मासिक रू. १००० देखि रू. १५०० तलव तोकिएको सञ्चालक समितिका सदस्य खोमकान्त रेग्मी वताउनुहुन्छ। उहाँका अनुसार वितरकहरूलाई ग्राहक वनाएवापत २०% रकम कमिसनको रूपमा पनि प्रदान गरिन्छ। *चितवन पोस्ट* दैनिक, *साप्ताहिक चितवन* तथा *नारायणी* टुडे मासिकमा सम्पादनतर्फ लगानीकर्ता आफैं संलग्न भएका कारण पारिश्रमिक निश्चित भएको देखिंदैन। *चितवन पोस्ट* दैनिकले एकजना व्यवस्थापक तथा एकजना प्राविधिकलाई मासिक रू. २००० देखि रू. ३००० सम्म पारिश्रमिक प्रदान गर्ने गरिएको छ। तर उनीहरूलाई नियुक्ति भएको दुई महिनासम्म चियानास्ता वाहेक अन्य पारिश्रमिक प्रदान नगरिने कुरा सम्पादक धर्मराज अर्याल वताउनुहुन्छ। यो दैनिकमा विज्ञापन खोजेर ल्याउने सम्वाददाताहरूलाई विज्ञापन रकमको २५ प्रतिशत कमिसनको रूपमा प्रदान गर्ने गरिएको वताइन्छ। त्यस्तै *साप्ताहिक चितवन* तथा *नारायणी टुडे मासिक*मा पनि सम्वाददाता तथा प्राविधिक तर्फका व्यक्तिहरूलाई रू. २००० देखि रू. ३००० मासिक र वितरकलाई रू. १००० देखि रू. २००० परिश्रमिक रहेको छ।[1]

*गोरखापत्र* दैनिकका चितवनस्थित सम्वाददाता वसन्त पराजुली रिपोर्टिङ गरेवापत आफूले महिनामा सालाखाला ६ देखि ८ हजार रूपैयाँ कमाउने गरेको वताउनुहुन्छ। उहाँलाई गोरखापत्रले मासिक रू. १००० भत्ता तथा प्रकाशित समाचार गनेर पारिश्रमिक प्रदान गर्ने गरेको छ। उहाँका अनुसार *कान्तिपुर* तथा *राजधानी* दैनिकमा कार्यरत सम्वाददताहरूको पारिश्रमिक अझ वढी हुन्छ। राष्ट्रिय स्तरका दैनिकहरूले प्रदानगर्ने पारिश्रमिकसँग तुलना गर्ने हो भने चितवनका पत्रकारहरूको पारिश्रमिक दर ज्यादै न्यून छ। तर भर्खरै स्थापित हुँदै गरेको स्थानीय स्तरको पत्रिकाहरूले प्रदान गरेको पारिश्रमिकलाई त्यति कम भन्न मिल्दैन। यसले स्थानीय जनशक्तिलाई केही मात्रामा भएपनि रोजगारी प्रदान गर्नुका साथै दक्ष जनशक्ति तयार गर्ने कार्यमा सहयोग पुऱ्याएको छ। साथै कर्मचारीहरू पनि प्राप्त पारिश्रमिकवाट सन्तुष्ट नै देखिन्छन्। *पारदर्शी* दैनिकका सम्वाददाता शिवजी गायक साधारण रूपमा भए पनि खाने र वस्न पुग्ने खर्च *पारदर्शी*ले दिएको तथा आफ्नो पत्रकारिता क्षेत्रमा काम गर्ने सोख पूरा गरिदिएका कारण आफ्नो पेशाप्रति सन्तुष्ट हुनुहुन्छ। त्यस्तै *चितवन* पोस्टमा भर्खरै कार्य सुरु गर्नु भएका सम्वाददाता केदार खनाल आफू सोखले पत्रकारिता क्षेत्रमा लागेका कारण पारिश्रमिक जति प्रदान गरिए पनि सन्तुष्ट रहने वताउनुहुन्छ। उहाँ भविष्यमा पत्रकारिता पेसामा नै आफ्नो क्यारियर वनाउने सोचमा हुनुहुन्छ। तर *चितवन पोस्ट*कै एकजना व्यवस्थापक आफू जागिर खानको लागि मात्र यसमा लागेको वताउनुहुन्छ। उहाँ वढी पारिश्रमिक पाएमा जुनसुकै क्षेत्रमा जानसक्ने विचारमा हुनुहुन्छ।

---

[1] यो अनुच्छेदमा व्यक्त कुराहरू निम्न व्यक्तिहरूसँगको कुराकानीमा आधारित छ: फोकस मिडिया प्रा.लि.का सञ्चालक समिति सदस्य खोमकान्त रेग्मी, *चितवन पोस्ट* दैनिकका सम्पादक धर्मराज अर्याल, *चितवन पोस्ट* दैनिकका व्यवस्थापक हरि सापकोटा र वितरक सुरेशराज सेढाई, *साप्ताहिक चितवनको* प्रकाशक विरादेवी शर्मा र *नारायणी* टुडेका प्रधान सम्पादक विरेन्द्रमणि

शैक्षिक योग्यताको वारेमा कुरा गर्नु पर्दा चितवनमा सामान्यतया सम्पादन समूहमा रहेका व्यक्तिहरू स्नातक तह उत्तीर्ण भएका तथा थोरै मात्रामा मात्र स्नातकोत्तर तह उत्तीर्ण व्यक्तिहरू छन्। त्यस्तै सम्वाददाताहरूमा पनि एसएलसी देखि स्नातक तहसम्म उत्तीर्ण गरेका तथा वितरकहरू कक्षा ५ देखि एसएलसी उत्तीर्णसम्मका छन्। सम्वन्धित विषयमा शैक्षिक योग्यता हासिल गरेको व्यक्ति चितवनमा एक जना मात्र हुनुहुन्छ। *चितवन पोस्ट* दैनिकका प्रकाशक तथा सम्पादक धर्मराज अर्यालले वि.सं. २०४० सालतिर रत्नराज्य क्याम्पस काठमाडौंवाट पत्रकारिता विषयमा स्नातक गर्नु भएको छ। उहाँ चितवन जिल्लामा नेपाल प्रेस इन्स्टीच्युटवाट प्रशिक्षकको प्रमाणपत्र पाउने एक मात्र व्यक्ति पनि हुनुहुन्छ। स्थानीय क्षेत्रमा पत्रकारिता अध्ययन तथा तालिम लिनको लागि छुट्टै किसिमको क्याम्पस वा संस्था छैन। विरेन्द्र वहुमुखी क्याम्पस भरतपुरमा २०४७/४८ देखि स्नातक अन्तिम वर्षमा पत्रकारिता विषयलाई ऐच्छिक विषयको रूपमा राखिएको भए पनि त्यो त्यति प्रभावकारी हुन सकेको छैन। विगतमा जम्मा ५० पूर्णाङ्कको रहेको उक्त विषय स्नातक तह ३ वर्षे भएदेखि भने १०० पूर्णाङ्कको वनेको छ। यहाँ २०५६ फागुन/चैत्रमा पत्रकार महासङ्घ, चितवन शाखा तथा नेपाल प्रेस इन्स्टिच्युटको संयुक्त पहलमा ४ हप्ते आधारभूत पत्रकारिता तालिम सञ्चालन भएको थियो। त्यस वाहेक यहाँ लामो अवधिको औपचारिक तालिम सञ्चालन भएको छैन। छोटो अवधिको गोष्ठी वा सेमिनार भने विभिन्न सङ्घ संस्थाले वेलावेलामा आयोजना गर्ने गरेका छन्। यसरी स्थानीय क्षेत्रमा तालिम दिने संस्थाको अभाव तथा प्रकाशनगृहहरूले खर्च गरेर पत्रकारहरूलाई तालिम दिन नसक्ने भएका कारण यहाँको पत्रकारितामा दक्ष जनशक्तिको भने अभाव रहेको देखिन्छ।

## ५. लगानी

यहाँ विगतका दिनहरूमा निजी लगानीमै सवै पत्रपत्रिकाहरू सञ्चालन भए पनि अहिले एउटा दैनिक पत्रिका *पारदर्शी* सामूहिक लगानीमा प्रा.लि. गठन गरी सञ्चालन हुन थालेको छ। निजी रूपमा ठूलो लगानी गर्न त्यति सरल नहुने तथा सानो लगानीवाट पत्रिका प्रकाशन गर्दा धेरै कुराहरू जस्तै, भौतिक साधन तथा मानवीय साधनको अभावहरू व्यहोर्नुपर्ने हुनाले पत्रपत्रिका नियमित प्रकाशन गर्न कठिन छ। तसर्थ ठुलो सङ्ख्यामा प्रकाशनका लागि दर्ता भएर पनि पत्रिका नियमित प्रकाशन नभई वन्द हुने गरेको उदाहरण यस जिल्लामा मात्र नभई समग्र नेपाल राष्ट्रभरि देख्न सकिन्छ। प्रेस काउन्सिलको २६ औं वार्षिक प्रतिवेदन २०५७/०५८ ले नेपाल अधिराज्य भरि जम्मा १६२० पत्रपत्रिकाहरू ०५८ असार मसान्तसम्ममा दर्ता भएकोमा ४१९ मात्र प्रकाशन हुने गरेको देखाएको छ। त्यसमा पनि नियमित प्रकाशन हुने पत्रपत्रिकाको सङ्ख्या १९२ मात्र रहेको छ। यस्तो अवस्थामा पत्रकारिता क्षेत्रमा लगानी गर्न चाहने व्यक्तिहरू मिलेर संस्थागत रूपमा पहल गरेर पत्रपत्रिका प्रकाशन गर्नु सकारात्मक कदम मान्नु पर्दछ। *पारदर्शी* दैनिकमा २८ जना व्यक्तिहरूको लगानी रहेको छ। यीमध्ये झण्डै आधाजसो पत्रकारिता क्षेत्रकै व्यक्तिहरू तथा वाँकी उद्योगपति, निर्माण

व्यवसायी, प्राध्यापक तथा गैरसरकारी संस्था, स्वास्थ्य क्षेत्र आदिमा आवद्ध व्यक्तिहरू भएको कुरा प्रवन्ध निर्देशक विष्णु छिमेकी वताउनुहुन्छ। उता कार्तिक २०५८ देखि प्रसारण सुरु भएको *सिनर्जी एफएम*मा ५ जना व्यक्तिको लगानी रहेको छ। लगानीकर्ताहरू पाँचैजना उद्योगपति तथा व्यापारीहरू हुनुभएको वताइन्छ। जसको सिनर्जी इन्डस्ट्रिज प्रा.लि.मा संयुक्त लगानी पनि रहेको छ। यहाँका अन्य पत्रपत्रिकाहरू *चितवन पोस्ट दैनिक, चुरे सन्देश* साप्ताहिक, *साप्ताहिक चितवन* तथा *नारायणी* टुडे मासिकमा भने व्यक्तिहरूको निजी लगानी रहेको छ। यीमध्य चुरे *सन्देश* साप्ताहिकमा ३ जनाको लगानी छ भने वाँकी सवै एक जनाको लगानीमा प्रकाशित भएका देखिन्छन्।

यहाँका पत्रपत्रिकाहरू सोख तथा व्यावसायिक उद्देश्य दुवै पूरा गर्ने हिसावले सञ्चालन भएका देखिन्छन्। *चितवन पोस्ट* दैनिकका सम्पादक तथा प्रकाशक धर्मराज अर्याल यी दुवै उद्देश्य पूरा गर्नको लागि पत्रकारिता क्षेत्रमा लागेको वताउनुहुन्छ। उहाँ पत्रकारितामा स्नातक गरेपछि १५ वर्ष राससमा कार्यरत रहेको र चरम रूपमा राजनैतिक ध्रुवीकरण हुने गरेका कारण कार्यकारी सम्पादक पदमा वहाल रहेको अवस्थामा राजिनामा दिएर *चितवन पोस्ट*वाट स्वतन्त्र पत्रकारिता गर्न थालेको वताउनुहुन्छ। त्यस्तै फोकस मिडिया प्रा.लि.मा केही पत्रकारहरूले व्यावसायिक उद्देश्यका साथ साथै पत्रकारिता गर्ने सोखको कारणले लगानी गरे पनि प्रायः जसो लगानीकर्ताहरूले नाफामूलक उद्देश्य लिएर लगानी गरेको देखिन्छ। भविष्यमा व्यावसायिक रूपमा प्रेस तथा कम्युनिकेसन सेन्टर सञ्चालन गर्ने यस कम्पनीको उद्देश्यवाट उक्त निष्कर्षमा पुग्न सकिन्छ। कुनै पत्रिका भने राजनीतिक विचारधारालाई अगाडि वढाउने उद्देश्यवाट पनि प्रकाशित भएका छन्। उदाहरणको रूपमा चुरे *सन्देश* साप्ताहिकले प्रगतिशिल वामपन्थी विचारधारालाई समेटेको देखिन्छ। यसका प्रधान सम्पादक सुरेशचन्द्र अधिकारी आफ्नो पत्रिका घाटामा चलिरहेको वताउनुहुन्छ।

लगानी परिमाणको कुरा गर्नु पर्दा हाल प्रकाशित भइरहेका कुनै पत्रिकाहरूको पनि आफ्नो अफसेट प्रेस नभएको हुँदा सुरुको लगानी त्यति ठूलो देखिँदैन। यसैले पत्रिकामा पूँजीगत लगानी भनेको फर्निचर, टेलिफोन, कम्प्यूटर आदिमा लागेको लगानी मात्र हो। खोमकान्त रेग्मीका अनुसार १५ लाख जारी पूँजीमध्ये ४० प्रतिशत अर्थात करिव ६ लाख रूपैयाँ *पारदर्शी* दैनिक सञ्चालनको लागि लगाइएको छ। उक्त रकम तीनओटा कम्प्युटर एउटा फ्याक्स मेसीन, एउटा टेलिफोन, फर्निचर तथा इमेल इन्टरनेट जडानमा खर्च भएको हो। सवै गरेर करिव २० जना कर्मचारी रहेको यस पत्रिकाको प्रति महिना सञ्चालन लागत करिव १ लाख ७५ हजार रहेको पनि उहाँले वताउनुभयो। उहाँका अनुसार अहिलेको अवस्थामा विक्री तथा विज्ञापनवाट आम्दानी १ लाख ५० हजार रहेको छ। दैनिक रूपमा प्रकाशन हुन थालेको सुरुसुरुको अवस्था भएको कारण घाटामा चलेको भए पनि आउँदा दिनहरूमा ग्राहकको सङ्ख्या वढ्दै जाने तथा विज्ञापनवाट आम्दानी पनि वढ्ने कुरामा यसका सञ्चालकहरू ढुक्क देखिएका छन्। पत्रिका दैनिक रूपमा सुरु गरिएको एक वर्ष अर्थात जेठ २०५९ सम्ममा मासिक रू ८०,०००।- नाफा कमाउने अनुमान तथा लक्ष्य रहेको रेग्मी

वताउनुहुन्छ। त्यसै गरी मासिक पत्रिका *नारायणी* टुडेका प्रकाशक तथा सम्पादक वीरेन्द्रमणि पौडेल पत्रिका प्रकाशन हुन थालेदेखि अहिलेसम्म सवै गरेर कुल ६ लाख ३८ हजार लगानी भएको वताउनुहुन्छ। विज्ञापन तथा विक्रीवापत भने यो अवधिसम्ममा ५ लाख ५१ हजार रूपैयाँ आम्दानी भएको वताइन्छ।

उता *सिनर्जी एफएम*मा भने सम्पूर्ण रूपमा प्रसारणको लागि तयारीको अवस्थासम्म आइपुग्दा चालु पूँजीसहित करिव रू. एक करोड रूपैँया लगानी भएको यसका एकजना लगानीकर्ता लवि मल्ल वताउनुहुन्छ। कार्तिक २०५८ देखि मात्र प्रसारण सुरु भएका कारण यसको सञ्चालन खर्च तथा विज्ञापनवाट आम्दानी कति छ भन्ने वारे भने केही थाहा हुन सकेन।

## ६. विज्ञापन बजार

कुनै पनि सञ्चार माध्यम चाहे त्यो छापा होस् अथवा विद्युतीय, त्यसलाई सञ्चालन गर्नको लागि विज्ञापनले आर्थिक मेरूदण्डको भूमिका निर्वाह गरेको हुन्छ। यदि विज्ञापनको वजार अत्यन्त सानो छ भने त्यहाँ सञ्चार माध्यमलाई आफ्नो अस्तितत्त्व रक्षा गर्न गाह्रो हुन्छ। हुन त चितवनमा उद्योग वा कारखानाहरू प्रशस्त मात्रामा छैनन् तर पनि यहाँको विज्ञापन वजार त्यति साँघुरो देखिदैन। यहाँ विज्ञापनको स्रोतहरूको रूपमा स्थानीय व्यक्तिहरू थोक तथा खुद्रा व्यापारीहरू, सामाजिक क्लवहरू, जिल्ला वन कार्यालय, सडक विभाग, खानेपानी संस्थान, विद्युत् कर्पोरेसन, निजी अस्पताल वा स्वास्थ्य क्लिनिकहरू, क्याम्पस, जिविस तथा नगरपालिका आदि रहेका छन्। साधारणतया स्थानीय व्यक्तिहरूवाट वधाइ, शुभकामना, समवेदना तथा सामान हराएको वारेका विज्ञापनहरू, थोक तथा खुद्रा विक्रेताहरूका आ-आफ्नो विक्री सामानहरू जस्तै टिभी फ्रिज, मोटरसाइकल, विभिन्न कपडाहरू, फर्निचर, सुनचाँदीका गहना, होटल वा लज सेवा, मिठाई आदिसम्वन्धी विज्ञापनहरू पत्रपत्रिकामा देख्न पाइन्छ। त्यस्तै समाजिक क्लवहरूको आफ्नै सदस्य वा समाजका प्रतिष्ठित व्यक्ति वा संस्थाहरू प्रति व्यक्त गरिने वधाइ, शुभकामना तथा समवेदना सन्देश तथा अन्य सूचनाहरू, निजी अस्पताल वा क्लिनिकहरूद्वारा विभिन्न किसिमका स्वास्थ्य सेवाहरू, त्यसैगरी जिविस वा नगरपालिकावाट विभिन्न किसिमका सूचनाहरू, टेण्डर आह्वान आदि वारेका विज्ञापनहरू यहाँका पत्रपत्रिकामा प्रकाशित हुने गरेको देखिन्छ।

सहरी इलाका ठूलो भएका कारण यदि यहाँ सञ्चार माध्यम राम्रोसँग स्थापित हुने हो भने विज्ञापनको लागि खासै गाह्रो पर्ने देखिन्न। यहाँ साप्ताहिक पत्रपत्रिकाहरू वजारमा त्यति नदेखिने हुनाले गर्दा त्यतापट्टि विज्ञापन दाताहरूको ध्यान गएको पाइँदैन। दुईओटा दैनिक पत्रपत्रिकाहरूले पनि भर्खर जनमानसको विश्वास प्रप्त गर्न थालेका छन्। पहिला यी पत्रपत्रिकाहरू साप्ताहिक रूपमा प्रकाशित हुने गरेका तथा स्थानीय क्षेत्रमा अरू दैनिकहरू नभएको हुँदा ताजा समाचारहरूको लागि पाठकहरूले राजधानीका पत्रिकाहरूमा भर पर्नु पर्ने वाध्यता थियो। यसले गर्दा पाठकहरूको मन जित्न स्थानीय पत्रिकाहरू सफल थिएनन्। तर अहिले हरेक दिन विहान भिसमिसेमै ताजा खवरहरू लिएर दुई ओटा दैनिकहरू पाठकहरूको हात-हातमा पुग्ने गरेका

छन्। फेरि स्थानीय क्षेत्रमा भर्खर मात्र रेडियो प्रसारण सुरु भएका कारण यसले विज्ञापन दाताहरूको मन जित्न केही समय पर्खनु पर्ने देखिन्छ। यसरी विज्ञापनको प्रमुख स्रोत वन्न सक्ने सहरी इलाका क्षेत्रफलको हिसावले ठूलो तथा दुईओटा दैनिक पत्रपत्रिकाहरू स्थानीय क्षेत्रका लागि झण्डै विकल्पहीन अवस्थामा रहेका भए पनि वाहिरवाट हेर्दा जेजति मात्रामा विज्ञापन ओइरिनु पर्दथ्यो त्यो भने देखिएको छैन। अझ माथि नै वताइए झैं *पारदर्शी* दैनिक त अहिलेसम्म घाटामा नै चलिरहेको देखिन्छ। *चितवन पोस्ट* दैनिकका सम्पादकको भनाइअनुसार पत्रिका वेसरी नाफामा जान नसके पनि सञ्चालन खर्च उठाउन तथा सम्पादकको आफ्नो मिहिनेत उठाउन मात्र सफल भएको छ। यसमा एउटा कारण माथि उल्लेख भएजस्तै नयाँ भएका कारण पत्रिका समाजमा राम्ररी स्थापित भइनसक्नु हो। अन्य कारणहरूमा स्थानीय व्यापारिक समुदायको चेतनास्तर जागृत भंइनसक्नु तथा राष्ट्रिय स्तरका पत्रपत्रिकाहरूले स्थानीय वजारमा समेत प्रभाव जमाउन सफल हुनु आदि रहेका छन्। स्थानीय क्षेत्रका दैनिक पत्रपत्रिकाहरूले आफ्नो प्रभाव फैलाउँदै लगेका कारण राष्ट्रिय स्तरका ठूला दैनिकहरूतर्फ आकर्षित विज्ञापन दाताहरूको ध्यान यी दैनिकहरूले तान्न सक्ने सम्भावना पनि त्यतिकै वढ्दै गएको देखिन्छ। यहाँ विज्ञापनदाता तथा सञ्चारमाध्यमको वीचमा पुलको रूपमा काम गर्ने विज्ञापन एजेन्सी चाहिं एउटा पनि छैन। त्यसकारण विज्ञापन दाताहरूले सिधै सञ्चारमाध्यम तथा त्यसका प्रतिनिधिमार्फत विज्ञापन दिने गरेका छन्।

यहाँका पत्रपत्रिकाहरूको आर्थिक क्षेत्रमा मौसमी प्रकृतिका विज्ञापनहरूले पनि विशेष महत्त्व राख्ने गर्दछन्। उदाहरणका लागि दशैं, तिहार, नववर्ष, प्रजातन्त्र दिवस, श्री ५ महाराजधिराज तथा श्री ५ वडामहारानीको जन्मोत्सव जस्ता अवसरहरूमा प्राप्त हुने शुभकामना सन्देशका विज्ञापनहरूलाई मौसमी विज्ञापन भन्न सकिन्छ। सञ्चारकर्मीहरू यसलाई 'पिक सिजन' मान्ने गर्दछन्। यस्ता अवसरहरूमा पत्रपत्रिकाका प्रतिनिधिहरू समाचार सङ्कलन तथा विक्री वितरणभन्दा पनि विज्ञापन सङ्कलनमै वढी खट्ने गरेको देख्न पाइन्छ। चितवनमा सामाजिक संस्था तथा क्लवहरूको सङ्ख्या पनि धेरै नै रहेका छन्। यी संस्थाहरूवाट अरू वेलामा त विज्ञापन त्यत्ति आउने गर्दैनन् तर माथि उल्लिखित अवसरहरूमा भने विज्ञापनको हकमा यिनीहरूको भूमिका महत्त्वपूर्ण हुने गरेको देखिन्छ। युथ क्लव, नारायणगढका सह-कोषाध्यक्ष लक्ष्मण वानियाँ भन्नुहुन्छ "यस्ता हरेक अवसरहरूमा हामी स्थानीय पत्रपत्रिका मार्फत जनमानसमा शुभकामना सन्देश पठाउने गर्दछौं।" यस वाहेक आफ्नो क्लवका साधारण सदस्यहरूप्रति वधाइ तथा समवेदना सन्देशहरू दिनु पर्दा पनि स्थानीय पत्रपत्रिकाहरूमार्फत दिने गरेको उहाँ वताउनुहुन्छ।

## ७. चितवनमा खोजपत्रकारिता

स्थानीय साप्ताहिक पत्रपत्रिकाहरूले आर्थिक, भौतिक साधन तथा जनशक्तिका अभावका कारण खोज पत्रकारितालाई अगाडि वढाउने कुनै प्रयत्न गरेको पाइँदैन। दैनिक पत्रपत्रिकाहरू भने यस तर्फ विस्तारै सचेत हुँदै गएका छन्। दैनिक

पत्रपत्रिकामा खोजमूलक सामग्रीलाई विशेष स्थान दिइने गरिएको छ। तैपनि खोजपत्रकारिता गर्ने व्यक्तिलाई प्रोत्साहनस्वरूप कुनै प्रकारको छुट्टै सुविधा तथा सहुलियत प्रदान गरेको वा त्यस्तो नीति निर्माण गरेको भने पाइँदैन।

धर्मराज अर्याल आफ्नो पत्रिकामा महिनामा करिव १५ ओटा खोजमूलक सामग्रीहरू प्रकाशित हुने गरेको वताउनुहुन्छ। तर वास्तविकता त्यस्तो देखिँदैन। २०५७ असोज भरि प्रकाशित जम्मा २५ अङ्कमध्ये ५ ओटा अङ्कहरूमा मात्र खोजमूलक रिपोर्टिङहरू छन्। चितवन पोस्टमा प्रकाशित भएका रिपोर्टिङहरू निम्न शीर्षकमा छापिएका छन्– 'अनुगमन नभएर खुकुलो वन्दैछ मदिराको व्यापार' (असोज २); 'दूधले वजार नपाउँदा किसानहरू मर्कामा' (असोज ४); 'नदी कटानवाट पीडितहरू राहतको खोजीमा' (असोज ९); 'वाढीपीडित शिविरमा रोगको प्रकोप' (असोज २०); र 'वालश्रमिकहरू यसरी घर छाड्छन्' (असोज २३)।

त्यस्तै गरी अर्को दैनिक पत्रिका *पारदर्शी*को भाद्र १६ देखि आश्विन ३०, २०५८ मा प्रकाशित ४५ वटा अङ्क, हेर्दा यस्तै खालका खोजमूलक रिपोर्टिङहरूको सङ्ख्या ९ ओटा देखिन्छ। ती निम्न शीर्षकहरूमा प्रकाशित भएका छन्– 'ग्राहक ठग्ने अर्को धन्दा, आलुमा रङ लगाएर विक्री गरिँदै छ।' (भदौ १६); 'भरतपुर अस्पतालमा अविवाहित युवतीको अवैध गर्भपतन' (भदौ २१); 'सुकुम्वासी वस्तीमा हुकुमवासीको रजाईं' (भदौ २९); 'छाडा रूपमा दिशापिसाव गर्नेलाई दण्ड दिनुपर्ने' (असोज ४); 'अशिक्षाको कारण कुलतवाट मुक्त छैनन् शीतलनगरका वासिन्दाहरू' (असोज ७); 'परिवारको माया नपाएर सडकमा निस्केका वालवालिकाहरू' (असोज १०); 'अस्पतालको समयमा डाक्टर नभेटिँदा विरामीहरू मर्कामा' (असोज १८); 'खुल्ला रूपमा वेचिने मासु स्वास्थ्यको लागि हानीकारक' (असोज २०) र 'सम्झौता विपरीत इन्धनको रूपमा प्रयोग भैरहेछ धानको भुस' (असोज २१)।

यी दुई पत्रपत्रिकामा प्रकाशित समाचारहरू हेर्दा धेरै जसो रिपोर्टिङहरू, वातावरणीय प्रदूषण, स्थानीय क्षेत्रका विविध समुदाय जस्तै कृषक, वाढीपीडित, वालश्रमिक अथवा अनाथ वालवालिका आदिका समस्याहरूमा केन्द्रित भएको देखिन्छ। र थोरैमात्र अन्याय, अत्याचार, कालोवजारी लगायत विकृति तथा विसङ्गति आदि उद्घाटित गर्ने खालका रिपोर्टिङहरू पाइन्छ। समाजमा विद्यमान तर समाजकै आँखामा ओझेल परेका यस्ता किसिमका विकृति, विसङ्गति वा अनैतिक कार्यहरूलाई उद्घाटित गर्नु नै खोज पत्रकारिताको मुख्य कर्तव्य हो। यसो भएमा त्यस्ता अनैतिक क्रियाकलापहरूमा केही भए पनि कमी आउने गर्दछ।

*पारदर्शी*को भदौ २१ मा प्रकाशित, ''भरतपुर अस्पतालमा अविवाहित युवतीको अवैध गर्भपतन'' तथा सोही पत्रिकाको असोज १८ गते प्रकाशित ''अस्पतालको समयमा डाक्टर नभेटिँदा विरामीहरू मर्कामा'' भन्नेजस्ता समाचारहरूले स्थानीय अस्पतालमा हुनेगरेका अनियमित कार्य तथा लापर्वाहीलाई उद्घाटित गर्दछन्। यी दुवै समाचारहरू भरतपुरको 'महेन्द्र आदर्श चिकित्सालय' नामक सरकारी अस्पतालसँग सम्वन्धित रहेको छ। पहिलो समाचारमा उक्त अस्पतालकै डाक्टरद्वारा युवतीको अवैध गर्भपतन गरिएको जसमा भरतपुर नगरपालिका वसेनीमा मेडिकल सञ्चालन गरी

वस्ने २ जना नर्सहरूको पनि मिलेमतो रहेको उल्लेख छ। त्यस्तै दोस्रो समाचारमा अस्पतालका डाक्टरहरू अस्पताल छोडेर निजी क्लिनिकमा जाने गरेको कुरा जनाइएको छ। जसमा एक दिनको सर्वेक्षण गरी कुन डाक्टर कति वजे अस्पतालमा हाजिर भए भन्ने विवरणका साथै विरामीहरूले भोग्नु परेका कठिनाइहरू पनि उल्लेख गरिएको छ। तर यस्ता रिपोर्टिङहरूमा स्थानीय सरकारी वा गैरसरकारी निकायमा हुने गरेका भ्रष्टाचार वा अनियमिततासम्वन्धी विषयहरू भने देखिँदैनन्। यसको कारणवारे प्रश्न गर्दा *पारदर्शी* दैनिकका सम्पादन संयोजक जनक अर्याल तथा सोही दैनिकका सम्वाददाता शिवजी गायकको मिल्दोजुल्दो तर्क छ। अर्यालका अनुसार भ्रष्टाचारमा संलग्न पक्षहरू अत्यन्तै सङ्गठित हुन्छन्। वाहिर हल्ला चले पनि पत्रपत्रिकाले हल्लाकै आधारमा छाप्न सक्दैन। विशेष प्रमाणहरू जुटाउनु पर्ने हुन्छ। उक्त प्रमाणहरू कसरी जुटाउन सकिन्छ तथा समाचार प्रकाशित भइसकेपछि आइपर्ने सम्भावित कानुनी झन्झटहरूमा आफूलाई कस्तो रूपमा प्रस्तुत गर्ने भन्ने किसिमको ज्ञान तथा दक्षता भएका जनशक्तिको अभाव रहेको छ। यीनै कारणले गर्दा भ्रष्टाचारसम्वन्धी खोज त्यति हुन सकेको छैन। खोजी भएका अन्य विषयहरू पनि अधुरा जस्तै लाग्छन्। अर्थात् कुनै विषयमा खोजी गरेर समाचार छापिसकेपछि उक्त विषयमा कुनै सुधार आयो वा आएन भन्नेवारे पत्रकारहरूको चासो रहेको जस्तो देखिँदैन। उदाहरणको लागि *पारदर्शी*को २०५८ भदौ २९ को अङ्कमा शिवजी गायकले 'सुकम्वासी वस्तीमा हुकुमवासीको रजाईं' शीर्षकमा खोजमूलक समाचार लेखे पनि उक्त समाचार प्रकाशित भएपछि त्यस्ता गैरसुकुम्वासी माथि कुनै किसिमको कार्वाही भए नभएको वारे उहाँ अनभिज्ञ देखिनुहुन्छ।

आखिर जे भएपनि पत्रकारितामा खोजमूलक समाचारहरूले जति महत्त्व पाउँछन्, अन्यले पाउँदैनन् पाठकहरू सधैं खोजमूलक समाचारहरू पढ्न उत्सुक हुन्छन्। सवै पत्रपत्रिकामा देखिने एकै किसिमका राजनीतिक गतिविधिसम्वन्धी समाचारहरूले पाठकहरूलाई दिक्दार वनाएको महसुस गरेर नै होला, हिजोआज कतिपय दैनिक पत्रपत्रिकाहरू जस्तै *कान्तिपुर, राजधानी, नेपाल समाचारपत्र, स्पेसटाइम दैनिक* आदिले उत्कृष्ट खोजमूलक समाचारहरूलाई 'क' वर्गमा राखेर त्यही अनुसार पारिश्रमिक तोक्ने गरेको कुरा यी पत्रिकाका सम्वाददाताहरूवाट सुनिन्छ। तर यो मात्र पनि खोज पत्रकारिताको लागि उचित प्रोत्साहन होइन। *स्पेसटाइम दैनिक*का चितवनस्थित सम्वाददाता दीपक आचार्य भन्नुहुन्छ, ''यहाँका पत्रकारहरूमा स्रोत र साधनको अभाव रहेको छ। छात्रवृत्तिको व्यवस्था छैन। खोज पत्रकारिता गरेर वेच्ने ठाउँ छैन। प्रकाशनहरूले सस्तो मूल्यमा काम लगाउन खोज्छन्। जवसम्म यी समस्याहरूको अन्त हुँदैन तवसम्म खोज पत्रकारिताको राम्रो विकास हुने सम्भावना म देख्दिन।'' *गोरखापत्र*का चितवनस्थित सम्वाददाता वसन्त पराजुलीको थप तर्क छ, ''खोज पत्रकारिता गर्नको लागि वढी समय छुट्ट्याउनु पर्ने हुन्छ। एउटै समाचारलाई धेरै दिनसम्म फलो अप गर्नुपर्दछ। तर *गोरखापत्र, कान्तिपुर, स्पेसटाइम दैनिक, राजधानी, नेपाल समाचारपत्र* जस्ता राष्ट्रिय पत्रिकाहरूले समेत एक जिल्लामा एक जना मात्र सम्वाददाता खटाएको हुन्छ। त्यो एक व्यक्तिले

प्रतिस्पर्धात्मक रूपमा जिल्लामा भएका विविध गतिविधिका समाचारहरू सकेसम्म अरूले भन्दा अगाडि पठाउनु पर्ने हुन्छ। यसकारण खोज पत्रकारितातर्फ लाग्न त्यति सहज छैन।'' पराजुलीका अनुसार गहन रूपमा खोजी कार्यमा लाग्न नसकिए तापनि यदि कुनै संस्थामा अनियमितता वा गलत किसिमको काम कार्यवाही भएको सङ्केत पाइएमा पाँच राष्ट्रिय दैनिकहरू *कान्तिपुर, राजधानी, स्पेसटाइम* दैनिक, *नेपाल समाचारपत्र* र *हिमालय टाइम्स*का सम्वाददाताहरू मध्ये दुई जना जतिले खोजी गरेर समाचार तयार पारी सबैले लिने गरेको वताइन्छ।

## ८. स्थानीय सरकार र प्रेस

स्थानीय सरकार भन्नाले गाउँ विकास समिति (गाविस), नगरपालिका (नपा) तथा जिल्ला विकास समिति आदि निकायलाई बुझिन्छ। यस्ता निकायहरूमा यदि कुनै गलत प्रवृत्ति देखिएमा औंलो ठड्याउनु तथा राम्रा क्रियाकलापहरूको समाजमा प्रचारप्रसार गरिदिनु नै स्थानीय सञ्चार माध्यमको मुख्य कर्तव्य हो। अर्थात् स्थानीय सरकारको हरेक क्रियाकलाप माथि प्रेसले निगरानी राख्न सक्नु पर्दछ। त्यसैगरी स्थानीय सञ्चार माध्यममा देखिएका विकृति विसङ्गति प्रति खवर्दारी गर्नु तथा प्रेसको सही भूमिकालाई पुरस्कृत गर्दै प्रोत्साहन दिनु स्थानीय सरकारको दायित्त्व हो। यसकारण स्थानीय निकाय र प्रेस दुवैले आ-आफ्नो दायित्त्व तथा कर्तव्य सही रूपले पालन गर्ने हो भने असल शासन र स्वच्छ पत्रकारिताको अनुभूति समाजले गर्न पाउँछ। फलस्वरूप समाजमा दुवै अङ्गको विश्वसनीयता वढ्दै जान्छ।

चितवनको कुरा गर्नु पर्दा माथि उल्लेख गरिएका भूमिका तथा कर्तव्यप्रति दुवै अङ्ग सम्वेदनशील भएको देखिँदैन अर्थात् यहाँ प्रकाशित कुनै पनि पत्रपत्रिकाले स्थानीय सरकारको नीतिनिर्माण, योजना कार्यान्वयन आदि विषयमा कुनै किसिमको टिकाटिप्पणी गरेको देखिँदैन। उदाहरण दिएर भन्नु पर्दा कार्तिक ३ गते जिल्ला विकास समिति चितवनले पत्रकार सम्मेलनको आयोजना गरी विगत चार वर्षमा गरेका कार्यहरू तथा सात वर्षे आवधिक योजनाको वारेमा जानकारी गरायो। सो सम्मेलनका वारेमा ४ गते *चितवन पोस्ट* र *पारदर्शी* दैनिकले समाचार प्रकाशित गरे। उक्त समाचारमा जिविसले आफ्नो प्रमुख उपलब्धिका रूपमा करिव १ करोड रूपैयाँको लागतमा आफ्ना लागि प्रशासकीय भवन वनाएको कुरा प्रकाशित छ। तर दुवै पत्रिकाहरूले जिल्ला विकास समितिको प्रमुख कर्तव्य भवन निर्माण गर्ने हो वा के हो अथवा चार वर्ष अगाडि व्यक्त गरेका प्रतिवद्धताहरू के कति पूरा भए भएनन् भन्ने विषयमा कुनै विश्लेषण गरेको देखिएन। यसै गरी *पारदर्शी* दैनिकको भाद्र/आश्विन दुई महिनाका अङ्कहरू हेर्दा स्थानीय गाविस, नगरपालिका तथा जिविससँग सम्वन्धित जम्मा १७ ओटा समाचारहरू प्रकाशित भएका छन्। तीमध्ये पनि अधिकांश समाचारहरू गाउँ परिषद् सम्पन्न भएका वारे नै रहेका छन्। स्थानीय निकायको काम कार्वाहीप्रति निगरानी राखेको जस्तो झल्कने खालको समाचार त्यहाँ छैन।

स्थानीय निकायको गतिविधिप्रति पत्रपत्रिकाहरूमा सकारात्मक प्रकृतिका मात्र समाचारहरू प्रकाशित भएको तथा अनियमितता वा भ्रष्टाचार वारेका खोजमूलक समाचार वा सामग्रीहरू त्यति नआउनुमा विभिन्न कारणहरू हुन सक्छन्।

जसमध्ये एउटा कारण प्रकाशनगृहहरूको विज्ञापनप्रतिको मोह हो। यदि कुनै पत्रिकाले यस्ता निकयहरूमा हुने अनियमिततावारे समाचार लेखेमा यी दुई पक्ष वीचको सम्वन्धमा चिसोपना सुरु हुन्छ। फलस्वरूप पत्रिकाले आफूले पाउँदै आएको विज्ञापन नपाउने सम्भावना हुन्छ। यसरी विज्ञापन नै पाईंदैन भन्ने डरका कारण पनि पत्रिकाहरू लेख्न डराएका हुनसक्छन्। *चितवन पोस्ट* दैनिकका सम्पादक धर्मराज अर्याल भरतपुर नगरपालिकामा हुन खोजेको अनियमिततावारे लेख्दा आफ्ना पत्रिकामा नगरपालिकावाट विज्ञापन आउन छोडेको कुरा वताउनुहुन्छ। उहाँका अनुसार भरतपुर नगरपालिकाका मेयर श्री हिमवहादुर पिया नगरपालिकाको काम लिएर काठमाडौं गएको वेलामा वैठकद्वारा कुनै निर्णय नगराई करिव रू. ८०/९० हजार खर्च गरेको कुरा जानकारीमा आएपछि सम्वन्धित कार्यालयको कार्यकारी सचिव र लेखापालवाट पुष्टि गराई पत्रिकामा छापिएको थियो। त्यसरी उक्त कुरा समाचारमार्फत वाहिर आएपछि नगरप्रमुखले वाध्य भएर उक्त रकम फिर्ता गर्नु भएको कुरा सम्पादक अर्याल वताउनुहुन्छ। अनियमितता वा भ्रष्टाचारवारेमा खोज नुहुनको अन्य कारणहरूमा पत्रकारहरूमा उचित किसिमको तालिमको कमी, हौसला र पेसागत सुरक्षाको अभाव आदि रहेको देखिन्छ।

स्थानीय सरकारले पनि पत्रकारिताको विकासको लागि कुनै किसिमको कार्यक्रम निर्माण गरेको देखिंदैन। *चितवन पोस्ट* र *पारदर्शी* दैनिकका सम्पादक क्रमशः धर्मराज अर्याल र विष्णु छिमेकी पत्रकारितालाई अगाडि वढाउनेवारे स्थानीय निकायहरू नगरपालिका तथा जिल्ला विकास समितिले कुनै नीतिगत निर्णय गरेको आफूलाई थाहा नभएको वताउनुहुन्छ। त्यस्तै पत्रकारहरूलाई प्रोत्साहित गराउनका लागि कुनै प्रकारको पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेको आफूलाई थाहा नभएको स्थानीय पत्रकारहरूले वताएका छन्। *स्पेसटाइम दैनिक*का चिंतवनस्थित सम्वाददाता दीपक आचार्य स्थानीय सरकारले पत्रकारिताको मूल्य र मर्म नवुझेको गुनासो गर्नुहुन्छ। समग्रमा भन्नु पर्दा चितवनमा न त प्रेस स्थानीय सरकारका गतिविधिप्रति निगरानीकर्ताको रूपमा रहन सकेको छ न स्थानीय सरकार नै प्रेसप्रति त्यति सम्वेदनशील हुन सकेको पाइन्छ।

## ९. सहयोगी संस्था र स्थानीय प्रेस

पत्रकारितालाई अगाडि वढाउने नाममा नेपालमा अहिलेसम्म जे जति संस्था तथा सङ्गठनहरू खुलेका छन्, तिनीहरूमध्ये थोरैले मात्र आफ्नो भूमिका निभाएको देखिन्छ। ती संस्थाहरू पनि केन्द्रमुखी नै देखिन्छन्। क्षेत्रीय पत्रकारिताको स्तर उकास्नको लागि खासै पहलकदमी कतैवाट पनि हुन सकेको देखिंदैन। सङ्गठन विस्तारको हिसावले हेर्ने हो भने चितवन जिल्लामा नेपाल पत्रकार महासङ्घ, प्रेस चौतारी तथा प्रेस युनियनका शाखाहरू गठन भएका देखिन्छन्। तर अहिलेको अवस्थामा पत्रकारितालाई अगाडि वढाउने सन्दर्भमा ती संस्थाहरूको भूमिका शून्य प्रायः देखिन्छ।

नेपाल पत्रकार महासङ्घ चितवन शाखाले २०५७ मङ्सिरदेखि 'चित्रवन टेलिभिजन' नामक साप्ताहिक कार्यक्रम निर्माण गरी स्थानीय केवुल टेलिभिजन

मार्फत प्रसारण गर्ने गरेको थियो। सञ्चार मन्त्रालयको स्वीकृति विना प्रसारण गरिएको उक्त कार्यक्रम करिव ५ महिनासम्म २५ भाग प्रसारण भएपछि मन्त्रालयको निर्देशनमा वन्द गर्नु परेको कुरा नेपाल पत्रकार महासङ्घ चितवनका सभापति विष्णु छिमेकी वताउनुहुन्छ। उक्त कार्यक्रममा जिल्लाभित्र घटेका महत्त्वपूर्ण घटना विवरणहरूका साथै जिल्लाका धार्मिक तथा पर्यटकीय स्थलहरूका वारेमा तयार पारिएका फिचरहरू प्रस्तुत गरिन्थ्यो। पछि २०५८ असार महिनातिर सञ्चार मन्त्रालयद्वारा स्वीकृति प्राप्त भए पनि केवल टेलिभिजनले महँगो शुल्क लाग्ने वताएका कारण कार्यक्रमलाई पुनः प्रसारण गर्न नसकिएको छिमेकी वताउनुहुन्छ।

काठमाडौं .वाहिर पत्रपत्रिका प्रकाशनमा आधुनिक मुद्रण प्रविधिको विकास गरी पत्रपत्रिकाको स्तर वृद्धि गर्ने उद्देश्यले प्रेस काउन्सिलअन्तर्गत मिडिया विकास कोषको गठन भएको हो। २०५८ असार महिनासम्ममा काठमांडौं वाहिरका जम्मा नौ ओटा प्रकाशन गृहहरूलाई यस कोषको सिफारिसमा सहुलियत व्याजदरमा अल्पकालीन तथा दीर्घकालीन ऋण उपलव्ध गराइएको छ। ती नौ ओटामध्ये चितवनस्थित नारायणी प्रकाशन प्रा.लि.ले प्रेस खरिद गर्नको लागि रू. १३ लाखको ऋण जुलाई १९९८ मा हिमालयन वैंक काठमाडौंवाट प्राप्त गरेको थियो। तीन जना व्यक्तिहरू खेमराज भट्टराई, सुरेशकुमार अधिकारी र मृत्युञ्जय पौडेल मिलेर उक्त कम्पनी दर्ता गराएका थिए। रू. १३ लाख ऋण रकमसहित जम्मा ३० लाख रूपैयाँको लागतमा स्थापना गरिएको उक्त नारायणी प्रकाशन प्रा.लि.ले तत्कालको लागि सुरेश अधिकारीद्वारा प्रकाशित हुँदै आएको *नारायणी* साप्ताहिक पत्रिकालाई निरन्तरता दिने उद्देश्य लिएको देखिन्छ। आपसी मनमुटावका कारण दुईजना व्यक्तिहरू मृत्युञ्जय पौडेल तथा सुरेशकुमार अधिकारीले छाडेपछि उक्त नारायणी प्रकाशन प्रा.लि. खेमराज भट्टराईको परिवारले सञ्चालन गरेको छ। उता *नारायणी* साप्ताहिक पनि यस प्रकाशनमार्फत प्रकाशित हुन सकेन। भट्टराई परिवारका एक सदस्य कृष्ण भट्टराईले जनाएअनुसार उक्त ऋणको लागि भट्टराई परिवारको करिव रू. १२ लाख वरावरको जग्गा धितो राखिएको छ भने मृत्युञ्जय पौडेलको करिव ६ लाख रूपैयाँ वरावरको जग्गा धितोको रूपमा रहेको छ।

प्रेस काउन्सिलको २६ औं वार्षिक प्रतिवेदन २०५७/०५८ मा जनाइए अनुसार यस प्रकाशनले २०५८ असार मसान्तसम्म वुझाउनुपर्ने साँवा वापतको रकम रू. ५,९०,९०९।०९ मध्ये रू. १८,९४४।- मात्र चुक्ता गरेका छ भने सोही अवधिसम्म वैङ्कलाई तिर्नुपर्ने कुल व्याज रकम रू. ६,६८,९३९।६३ मध्ये रू. ६,०१,५०३।२५ मात्र भुक्तानी गरेको छ। अर्कोतिर कम्पनीवाट छुट्टिए पनि मृत्युञ्जय पौडेलको धितो छुट्न सकेको छैन। पौडेलको धितो छुटाएर आफ्नो जग्गा धितो राख्न खोज्दा पनि पहिला किस्तावन्दी रकम तिर्नुपर्ने सर्त राखेर वैङ्कले दुःख दिएको गुनासो भट्टराई पक्षको छ। किस्ता नवुझाएको भनेर २ वर्षदेखि कम्पनी नवीकरण हुन नसकेकोले गर्दा एकातिर जरिवाना तिर्नु परेको र अर्कोतिर तिरिसकेको व्याज वापत पाउनुपर्ने करीव १ लाख ५० हजार रूपैयाँ सहुलियत पनि कोषले रोकिदिएको हुँदा आफू दोहोरो मारमा परेको कृष्ण भट्टराई वताउनुहुन्छ।

१८" × २८" आकारको प्रेस भएको यस नारायणी प्रकाशन प्रा.लि.मा अहिले चितवनका दुवै दैनिक पत्रपत्रिकाहरू *पारदर्शी* र *चितवन पोस्ट* मुद्रण हुने गरका छन्। साथै उक्त प्रकाशनमा उद्योग वाणिज्य सङ्घ नारायणगढद्वारा प्रकाशित *पाक्षिक वुलेटिन,* जिल्ला औषधी व्यवस्थापन समिति चितवनद्वारा प्रकाशित *सामुदायिक औषधी कार्यक्रम जनस्वास्थ्य भित्तेपत्रिका* पनि मुद्रण हुने गरेको देखिन्छ। सुरुमा प्रेसमा काम गर्ने प्राविधिक अनुभवी नभएकाले पत्रपत्रिका प्रकाशन गर्दा धेरै ठाउँमा अस्पष्ट हुने गरेको भए पनि अहिले गुणस्तरीय मुद्रण भएकाले गर्दा पत्रपत्रिका प्रकाशकहरू यो प्रेसतर्फ आकर्षित हुँदै गएको धारणा भट्टराईको छ। यसरी मिडिया विकास कोषको सहुलियतपूर्ण ऋणवाट सञ्चालित आधुनिक प्रेसले अहिले भने स्थानीय पत्रपत्रिकाको मुद्रण गुणस्तरलाई केही वढाउन सहयोग पुऱ्याएको देखिन्छ।

यहाँवाट हाल प्रकाशित कुनै पनि पत्रपत्रिकाले मिडिया विकास कोषको सिफारिसमा प्रदान गरिने छोटो अवधिको सहुलियतपूर्ण ऋण भने लिएका छैनन्। एउटै जिल्लामा दुई ओटा प्रकाशनलाई एकैचोटी दीर्घकालीन ऋण उपलव्ध नगराउने भएका कारण *पारदर्शी* तथा *चितवन पोस्ट*ले चाहेर पनि उक्त ऋण पाएका छैनन्। पत्रपत्रिकाको वर्गीकरणको आधारमा श्री ५ को सरकारले सूचना विभागमार्फत उपलव्ध गराउने गरेको विज्ञापनवापतको रकम *पारदर्शी* दैनिकको लागि केही भए पनि सहयोगी देखिन्छ। *पारदर्शी* २०५७ सालको वर्गीकरणमा 'ख' श्रेणीमा परेका कारण मासिक रू. ५५००।- वरावरको विज्ञापन श्री ५ को सरकारवाट सूचना विभागमार्फत पाउने गरेको छ। *चितवन पोस्ट* दैनिक, *साप्ताहिक चितवन* र *चुरे सन्देश* साप्ताहिक भने प्रेस काउन्सिलको वर्गीकरणमा नपरेका कारण कुनै रकम प्राप्त गर्दैनन्।

## १०. निष्कर्ष र सुझाव

चितवन जिल्ला कार्यालयमा दर्ता भएको आधारमा भन्नु पर्दा अहिले यहाँवाट प्रकाशन भइरहेको पत्रपत्रिकाको सङ्ख्या अत्यन्त थोरै देखिएको छ। प्रत्येक वर्ष २-४ ओटा नयाँ पत्रिकाहरू दर्ता हुनु तथा प्रकाशन भइरहेका त्यस्तै २-४ वटा पत्रिकाहरूको विलय हुनुलाई यहाँ नौलो मान्न सकिँदैन। पत्रकारिताले यहाँ अझै स्थायित्व पाउन सकेको छैन। खासगरी अन्य क्षेत्रमा लगानी गर्न पर्याप्त पूँजी नहुने तथा अन्य पेसा वा व्यवसाय नभई वेरोजगार भएपछि मात्र पत्रकारिता गर्ने प्रवृत्ती विद्यमान रहेका कारण यो क्षेत्रमा अस्थिरता देखिएको हो। यसवाहेक अन्य पेसा वा व्यवसाय गरेर वाँकी समय पत्रकारितामा लगाएर आफ्नो सोख पूरा गर्ने मनसायले पनि विभिन्न व्यक्तिहरू यसमा लागेका छन्। पत्रपत्रिका प्रकाशन सुरु गर्नको लागि ठूला-ठूला मेसिन तथा उपकरणहरू तथा ठूलो भवन र वृहद सङ्ख्यामा जनशक्तिको अनिवार्यता हुँदैन। आफ्नो प्रेस हुनु जरूरी छैन। आफ्नो नजिक अरूको अफसेट वा त्यो पनि नभएर लेटर प्रेस एउटा भए पनि आवश्यक पर्ने केही कागज तथा २-४ जना जनशक्ति भएपछि पत्रिका निस्कन्छ। यही कारणले गर्दा धेरै मात्रामा पत्रपत्रिका दर्ता भई प्रकाशन हुने गरेको देखिन्छ। तर सुरु गर्न जति सजिलो छ त्यसलाई निरन्तरता दिनु

ठूलो चुनौतिको विषय हो। प्रकाशन सुरु गर्नु अगाडि कुनै पनि प्रकाशकहरूले भविष्य वारे सोच-विचार नपुऱ्याएको जस्तो देखिन्छ। पत्रपत्रिका प्रकाशन गर्नु पूर्व विक्री तथा विज्ञापन वजारको सर्वेक्षण वा अनुगमन कसैले पनि गरेको पाइँदैन। पत्रपत्रिकाको पाठक वढाउन के-के कदम चाल्ने, वजारमा वढ्दो अत्याधुनिक सूचना प्रविधिसँग प्रतिस्पर्धा गर्नको लागि आफूलाई कुन रूपमा प्रस्तुत गर्ने, कर्मचारीहरूलाई आफ्नो सङ्गठन प्रति इमान्दार र कर्तव्यनिष्ठ तुल्याउन के के तालिम सुविधा वा सहुलियतहरू प्रदान गर्ने तथा यी सवैको लागि के कति लगानी गर्न सकिन्छ भनी प्रकाशकहरूले कुनै योजना तथा नीति तर्जुमा गरिएको पाइन्न। यस्ता कुराहरू तर्फ सोचविचार नगरी थोरै पूँजी हातमा लिएर पत्रिका प्रकाशन गर्न पाए पाठकहरूले किनिहाल्छन्, पत्रिका निस्कन थालेपछि विज्ञापन आइहाल्छ भन्ने मान्यताको आधारमा पत्रिका प्रकाशन सुरु गर्ने कारणले गर्दा नै चितवनको पत्रकारितामा अस्थिरता देखा परेको हो। यही अस्थिरताको कारणले यहाँको पत्रपत्रिकाहरूले पाठक तथा विज्ञापनदाताहरूको विश्वास जित्न नसकेका हुन्। यसैले गर्दा पत्रकारिता क्षेत्र व्यावसायिक वन्न सकेको छैन।

*पारदर्शी*ले संस्थागत स्वरूप ग्रहण गरी दैनिक रूपमा प्रकाशन हुन थालेपछि यहाँको पत्रकारितामा केही शुभ सङ्केतहरू भने देखिएको आभास पाइन्छ। प्रथमतः यहाँ नियमित प्रकाशन हुने दैनिक पत्रिकाको सङ्ख्या दुईवटा पुगेको छ जसले गर्दा प्रतिस्पर्धात्मक रूपमा पत्रकारिता अगाडि वढ्ने सम्भावना छ। जव प्रतिस्पर्धा सुरु हुन्छ त्यसले हरेक कुरामा सुधार ल्याउन थाल्छ। जस्तै जनशक्तिलाई आवश्यक तालिम, सुविधा वा सहुलियत, पत्रिकाको गुणस्तर (मुद्रण र सामग्री दुवै हिसावले), समाजप्रतिको जिम्मेवारी वहन, प्रकाशनमा नियमितता आदि। *चितवन पोस्ट*को मुद्रणको गुणस्तर र पत्रिकाको आकारमा भएको वृद्धि तथा दुवै प्रकाशनले पत्रिकामा काम गर्ने जनशक्तिलाई थोरै भएपनि नियमित पारिश्रमिक दिने परम्परा वस्नुलाई प्रतिस्पर्धाका कारणले भएको सुधार मान्न सकिन्छ। *पारदर्शी* दैनिकले कार्टुनिष्ट तथा स्तम्भकारहरूलाई पारिश्रमिक प्रदान गर्ने योजना वनाएको छ। यो अझ सकारात्मक सङ्केतको रूपमा देखा परेको छ। छापा माध्यमभित्र मात्र सीमित रहेको प्रतिस्पर्धा सिनर्जी एफएमको सुरुआत भएपछि अर्को मोडतर्फ पनि वढेको छ। अहिले यो एफएम परीक्षणको चरणमा रहे पनि भविष्यमा यसले छापाहरूलाई प्रभाव नपार्ला भन्न सकिन्न। यसतर्फ प्रकाशकहरू अहिले नै सतर्क भएर आफ्नो पत्रिकालाई समाजमा अझै विश्वसनीय वनाउँदै लानुपर्ने देखिन्छ। संस्थागत रूपमा धेरै जनाको लगानीवाट सञ्चालित भएका कारण *पारदर्शी*लाई यी सवै चुनौतीहरूको सामना गर्न केही सजिलो हुनेछ। यसलाई आवश्यक लगानी जुटाउन त्यति कठिन पर्ने देखिन्न। तर विभिन्न राजनीतिक पार्टीसँग सहमत विचार वोक्ने व्यक्तिहरू एकै ठाउँमा समाहित रहेका कारण पत्रिका कुनै राजनैतिक दलको समर्थक वा विरोधीको रूपमा देखा पऱ्यो भने यसले लगानीकर्ताहरूवीच फाटो ल्याई जटिल समस्या सिर्जना गर्न सक्दछ। यसवाट सम्वन्धित व्यक्तिहरू पहिल्यै सतर्क हुनु जरूरी छ। आपसी मनमुटावका कारण मिडिया विकास कोषवाट लीएको दीर्घकालिन ऋण १३ लाख

रूपैयाँको किस्ता तथा व्याज रकम समयमा वुझाउन नसकी कोषको कालो सूचीमा पर्न गएको नारायणी प्रकाशन प्रालिवाट पनि *पारदर्शी*का लगानीकर्ताहरूले राम्रै शिक्षा हासिल गरेको हुनु पर्दछ।

मकवानपुरमा जस्तै चितवनको पत्रकारितामा पनि खोज पत्रकारिताको अभाव नै रहेको छ। मकवानपुरमा धेरै कारणहरूमध्ये जनशक्तिको न्यून सङ्ख्या एउटा कारण होला तर चितवनका दुईओटा दैनिकहरूमा सङ्ख्याको हिसावले जनशक्ति त्यति न्यून भन्न सकिँदैन। तर मुख्य रूपमा उनीहरूमा खोज पत्रकारिता सम्वन्धी उचित तालिम तथा ज्ञानको कमी देखिन्छ। स्थानीय निकायहरूमा भ्रष्टाचार तथा अनियमितता व्याप्त छ भन्ने थाहा पाउँदा पाउँदै पनि पत्रकारहरूमा कसरी खोजी गरेर तथ्य प्रमाण सहित वाहिर ल्याउने भन्ने ज्ञानको कमी, आफ्नो पत्रिकामा ती निकायवाट प्राप्त हुने विज्ञापन वन्द हुने डर, प्रकाशन गृहहरूले पर्याप्त समय, साधन र स्रोत प्रदान नगर्ने तथा खोजी कार्यमा लाग्ने व्यक्तिहरूलाई उचित हौसला प्रदान गर्ने नीतिको अभाव आदि कारणले गर्दा त्यस्ता कुराहरू वाहिर आउन नसकेको देखिन्छ। यसरी जनशक्तिलाई आवश्यक पर्ने उचित तालिमहरूको लागि सम्वन्धित प्रकाशन गृहहरूले ध्यान दिनु जरूरी छ। अर्कोतर्फ खोज पत्रकारिताको विकास तथा विस्तार गर्न भनी जन्मिएका काठमाडौं स्थित 'खोज पत्रकारिता केन्द्र' जस्ता संस्थाहरूले पनि मोफसलमा दक्ष जनशक्ति उत्पादनका लागि आवश्यक कदमहरू चाल्नु पर्ने देखिन्छ। पत्रकारितासँग सम्वन्धित प्रेस चौतारी तथा प्रेस यूनियन जस्ता संस्थाहरू राजनीतिक पार्टी ने.क.पा. एमाले तथा नेपाली काङ्ग्रेसका भ्रातृसंस्थाका रूपमा रहेका छन्। यसले गर्दा यी संस्थाहरूले समग्र पत्रकारका हकहितको विषयमा कार्यक्रम निर्माण गर्ने तथा आवाज उठाउनेभन्दा पनि आ-आफ्नो सङ्गठन विस्तार गर्नेतर्फ नै लाग्ने गरेको देखिन्छ। त्यस्तै नेपाल पत्रकार महासङ्घ चितवन शाखा पनि लगभग निष्कृय अवस्थामा रहेको छ। सदस्य वनेका पत्रकारहरू नेतृत्व पक्ष कमजोर भएको कारण निष्कृय रहेको वताएर आफूहरू पन्छिन खोजेको देखिन्छ। उनीहरूमा पनि यो संस्था हाम्रो हो, यसलाई सक्रिय तुल्याउन हामी नै लागिपर्नुपर्छ भन्ने भावना जागृत हुन सकेको पाईंदैन।

यहाँ प्रकाशित पत्रपत्रिकाहरूले समाजका सवै जात धर्म, संस्कृतिका जन समुदायहरूलाई समेटेर लानु पर्ने आवश्यकता छ। यहाँ न त कार्यरत जनशक्तिमा उचित रूपमा महिला, दलित तथा जनजातिको प्रतिनिधित्व देखिन्छ न प्रकाशित सामग्रीहरूमा नै यी समुदायका आवाजहरू प्रशस्त मात्रामा समेटीएको छ। त्यस्तै विषयवस्तुको गम्भीरता तथा सत्यतालाई मूल्याङ्कन गरेर सामग्री सम्प्रेषण गर्नुपर्ने कुरा पनि पत्रकारहरूले भुल्नु हुन्न। गत २०५७ साल मङ्सिर महिनाको एक अङ्कमा *चितवन पोस्ट* दैनिकमा भारतीय नायक ऋतिक रोशनको वारेमा प्रकाशित समाचारका कारण जुन किसिमको साम्प्रदायिक दङ्गा सिर्जना भयो र ५ जना व्यक्तिहरूले अनाहकमा ज्यान गुमाउनु पर्‍यो यस्तो स्थिति दोहोरिन नदिन यहाँका पत्रकारहरू अत्यन्त सजग हुनु पर्ने देखिन्छ।

स्थानीय क्षेत्रमा पत्रकारितालाई अगाडि वढाउनका लागि स्थानीय सरकारको भूमिका शून्य देखिएको छ। यहाँ पत्रकारितालाई सुदृढ र ससक्त वनाउन नगरपालिका तथा जिविस लगायत कुनै पनि निकायले कुनै नीति तथा कार्यक्रमहरू निर्माण गरेका छैनन्। पत्रकारहरूलाई प्रोत्साहनस्वरूप कुनै सार्वजनिक कार्यक्रमहरूमा यी निकायहरूले पुरस्कृत गरेको पाइँदैन। पत्रकारिता क्षेत्रप्रति स्थानीय निकायहरूको ध्यानाकृष्ट गराउनका लागि सवै पत्रकारहरूले सङ्गठित रूपमा आवाज उठाउनु जरूरी छ।

## अध्ययन क्रममा सम्पर्क गरिएका व्यक्तिहरू

| | | |
|---|---|---|
| १. | एकल सिलवाल | सम्वाददाता, *नेपाल समाचारपत्र* दैनिक। |
| २. | केदार खनाल | सम्वाददाता, *चितवन पोस्ट* दैनिक। |
| ३. | कृष्ण भट्टराई | सञ्चालक, नारायणी प्रकाशन प्रा.लि.। |
| ४. | कृष्ण भण्डारी | सम्वाददाता, *कान्तिपुर* दैनिक। |
| ५. | खोमकान्त रेग्मी | सदस्य, सञ्चालक समिति, फोकस मिडिया प्रा.लि.। |
| ६. | जनक अर्याल | सम्पादन संयोजक, *पारदर्शी* दैनिक। |
| ७. | तेज गिरी | नियमित ग्राहक, *पारदर्शी* दैनिक। |
| ८. | दिनेश थपलिया | सम्वाददाता, *राजधानी* दैनिक। |
| ९. | दीपक आचार्य | सम्वाददाता, *स्पेसटाइम* दैनिक। |
| १०. | धर्मराज अर्याल | प्रकाशक/सम्पादक, *चितवन पोस्ट* दैनिक। |
| ११. | विरादेवी शर्मा | प्रकाशक/प्रवन्धक, *साप्ताहिक चितवन*। |
| १२. | रामचन्द्र पौडेल | विक्रेता, पौडेल पुस्तक पसल, नारायणगढ |
| १३. | रामबाबु सुवेदी | कार्टुनिस्ट, *पारदर्शी* दैनिक, सम्वाददाता *हिमालय टाइम्स* दैनिक तथा अध्यक्ष, प्रेस चौतारी चितवन |
| १४. | रामशरण सिलवाल | विक्रेता, कँडेल पुस्तक पसल नारायणगढ |
| १५. | रामेश्वर मरहठ्ठा | सम्पादक, *पारदर्शी* दैनिक। |
| १६. | लक्ष्मण वानियाँ | सह-कोषाध्यक्ष, युथ क्लव नारायणगढ। |
| १७. | लवि मल्ल | शेयरहोल्डर, सिनर्जी एफएम प्रा.लि.। |
| १८. | लीलानिधि घौराली | सम्वाददाता, *नेपाल समाचारपत्र* दैनिक तथा व्यवस्थापक, कामना प्रकाशन शाखा कार्यालय चितवन। |
| १९. | वसन्त पराजुली | सम्वाददाता, *चितवन पोस्ट* दैनिक र *गोरखापत्र*। |
| २०. | विष्णु छिमेकी | प्रवन्ध निर्देशक, फोकस मिडिया प्रा.लि. सम्पादक, *पारदर्शी* दैनिक तथा सभापति, नेपाल पत्रकार महासङ्घ, चितवन। |
| २१. | वीरेन्द्रमणि पौडेल | सम्पादक/प्रकाशक, *नारायणी* टुडे मासिक। |
| २२. | शिवजी गायक | सम्वाददाता, *पारदर्शी* दैनिक। |
| २३. | सहन प्रधान | कार्यकारी निर्देशक, सिनर्जी एफ.एम. प्रा.लि.। |
| २४. | सुरेशचन्द्र अधिकारी | प्रधान सम्पादक/प्रकाशक, *चुरे सन्देश* साप्ताहिक। |
| २५. | सुरेशराज सेढाई | वितरक, *चितवन पोस्ट* दैनिक। |
| २६. | सूर्यप्रसाद शर्मा | नियमित स्तम्भकार, *पारदर्शी* दैनिक। |
| २७. | हरि सापकोटा | व्यवस्थापक, *चितवन पोस्ट* दैनिक। |

## सन्दर्भ सामग्री

खनाल, केदारनाथ र अरूहरू, सं.। २०५५। *मुद्रण स्मारिका १(१)*। चितवनः मुद्रण सङ्घ।

गौतम, लक्ष्मणप्रसाद। २०५५। चितवनको साहित्यिक पत्रपत्रिकाः सङ्क्षिप्त रेखाङ्कन। *मुद्रण स्मारिका १(१)*। केदारनाथ खनाल र अरूहरू, सं., पृ. २२-२५। चितवनः मुद्रण सङ्घ।

छिमेकी, विष्णु। २०५५। चितवन जिल्लाको पत्रकारिता हिजो र आज। *स्मारिकाः चितवन महोत्सव २०५५*, पृ. १३९-१४२।

पोखरेल, डि.आर.। २०५७। चितवनको व्यावसायिक पत्रकारिताको एक झलक। *स्मारिकाः चितवन महोत्सव २०५७*। उपेन्द्र रिजाल र अरूहरू सं., पृ. १४९-१५४। भरतपुरः स्टेरिङ्ग कमिटी, चितवन महोत्सव २०५७।

प्रेस काउन्सिल नेपाल। २०५८। *छब्बीसौं वार्षिक प्रतिवेदन २०५७/०५८।* काठमाडौंः प्रेस काउन्सिल नेपाल।

रिजाल, उपेन्द्र, र अरूहरू सं.। २०५७। *स्मारिकाः चितवन महोत्सव २०५७*। भरतपुरः स्टेरिङ्ग कमिटी, चितवन महोत्सव २०५७।

रेग्मी, खोमकान्त। २०५५। पत्रकारिता र चितवन। *मुद्रण स्मारिका १(१)*। केदारनाथ खनाल र अरूहरू, सं., पृ. ५७-५९। चितवनः मुद्रण सङ्घ।

शर्मा, गणशेखर। २०५३। चितवनमा पत्रकारिताः एक ऐतिहासिक अवलोकन। *स्मारिकाः चितवन महोत्सव २०५३*।

शर्मा, गणशेखर। २०५५। नेपालको प्रजातन्त्र र पत्रकारिता। *मुद्रण स्मारिका १(१)*। केदारनाथ खनाल र अरूहरू सं., पृ. ४४-४५। चितवनः मुद्रण सङ्घ।

शर्मा, गणशेखर। २०५७। चितवन र पत्रकारिता। *स्मारिकाः चितवन महोत्सव २०५७*। उपेन्द्र रिजाल र अरूहरू, सं., पृ. ११७ - ११८। भरतपुरः स्टेरिङ्ग कमिटी, चितवन महोत्सव २०५७।